# वार्षिक प्रतिवेदन

## आ. व. २०८०/०८१




# नेपाल जनजागरण मञ्च (एन-प्याफ)

मुसीकोट नगरपालिका- १, सल्ले रुकुम (पश्चिम)

*Email: pafnepal.rukum@gmail.com*
*organization@npafnepal.org*
*web : www.npafnepal.org*
*Ph No.: 088-530221*

# नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम)
# आर्थिक वर्ष २०८०/२०८१ को वार्षिक प्रगति प्रतिवेदन


**सल्लाहकार**

टेक बहादुर कुसारी

विष्णु बहादुर बुढाथोकी

**सम्पादन**

रण बहादुर परियार

कार्यक्रम व्यवस्थापक

**लेखन तथा सम्पादन**

समिट रिजाल

परियोजना संयोजक

**प्रकाशक**

**नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम)**

सम्पर्क नं. ०८८-५३०२२१

Email: pafnepal.rukum@gmail.com

organization@npafnepal.org

web : www.npafnepal.org

**प्रकाशन**

१०० प्रति

**मुद्रक**

**नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.**

वीरेन्द्रनगर-६, सुर्खेत

फोन नं. ०८३-५२०४२७

# जिल्ला समन्वय समितिको कार्यालय

**कर्णाली प्रदेश, रुकुम पश्चिम, नेपाल**



## शुभकामना

नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) ले रुकुम (पश्चिम) जिल्लामा सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको साझेदारीमा विपन्न समुदाय, दलित, जनजाती, महिला, बालबालिका, युवा, एकल महिला, मानसिक स्वास्थ्य, पोषण र अपाङ्गता भएका ब्यक्तिहरुको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, विपद् जोखिम न्यूनिकिरण, तथ्यमा आधारित वकालत र सचेतनामुलक कार्यक्रमहरु लक्षित समुदायको प्रत्यक्ष सहभागीतामा गर्दै आईरहेको छ ।

संस्थाले विभिन्न जिल्लाहरुमा समुदाय केन्द्रित गतिविधिहरु सञ्चालन गरी आर्थिक तथा सामाजिक क्षेत्रमा टेवा पुरयाएको छ । कार्यक्रम सञ्चालनको सुरुवात देखि नै जिल्ला समन्वय समिति रुकुम (पश्चिम) सँग समन्वय, सहकार्य गर्नको साथै संस्थाले गरेका कार्यक्रमहरु आम सरोकारवालाहरु विच समय समयमा समिक्षा,छलफल,अभिमुखीकरणहरुमा जिल्ला समन्वय समिति लाई निमन्त्रणा गरी सल्लाह सुझावहरु आदान प्रदान गर्दै आएको नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) ले आर्थिक वर्ष २०८०/२०८१ को बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकामा धन्यवाद सहित सफलताको शुभकामना ब्यक्त गर्दछु ।

लुम्वीनी गौतम्
**जिल्ला समन्वय प्रमुख**

# भुमे गाउँपालिका, रुकुम (पूर्व भाग)

**लुम्विनी प्रदेश, नेपाल।**

## शुभकामना



नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) ले यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टर सँगको साझेदारीमा सञ्चालित सामुदायिक रुपान्तरण परियोजना सन २०२१ देखि हाल सम्म यस रुकुम पूर्व जिल्लाको भुमे र पुथा गाउँपालिका वडा नं. ७, ८, १२ र १४ मा मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्दै आईरहेको छ । परियोजनाको क्षेत्र भित्र रहेका महिला तथा बालबालिका, अति गरिव विपन्न समुदाय र मानसिक समस्या भएका व्यक्तिहरुको लागि उल्लेखनिय काम गर्दै आईरहेको छ । संस्थाले यस क्षेत्रमा स्वास्थ्य संस्थाका कर्मचारीहरुको क्षमता विकास, स्वास्थ्य संस्थाहरुको संस्थागत विकास, समुदायमा रहेका अति गरिव मानिसहरुको उपचार सहयोग, स्वास्थ्य आमा समुहहरुको क्षमता विकास तथा अति आवश्यक सामाग्रीहरु सहयोग र मानसिक स्वास्थ्य समस्या भएका विरामीहरुलाई उपचार सहयोग गरी उनीहरुको जिवनस्तरमा सकारात्मक परिवर्तन गर्न आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरी हाम्रो भुमे गाउँपालिकालाई ठुलो आर्थिक तथा प्राविधिक सहयोगमा टेवा पुर्याएको छ ।

यस भुमे गाउँपालिकामा मानसिक समस्या भएका विरामीहरुको जिवन स्तरमा आर्थिक तथा प्राविधिक कामहरु सञ्चालन गरी यस क्षेत्रका आम विपन्न समुदायलाई उत्साहित बनाउन योगदान गर्ने संस्था नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) लाई विशेष धन्यवाद दिन चाहन्छौं । संस्थाले परियोजना सञचालन गरी प्राप्त गरेका उपलब्धी सिकाई चुनौतीहरु उल्लेख भएको समष्टिगत विवरण सहितको बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी ब्यक्त गर्दै सञ्चालित परियोजनाको निरन्तरताको काममना सहित भुमे गाउँपालिकाको तर्फबाट स–धन्यवाद हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

**होम प्रकाश श्रेष्ठ**
**गाउँपालिका अध्यक्ष**

# पुथाउत्तरगंगा गाउँपालिका, रुकुम (पूर्व भाग)

**लुम्बिनी प्रदेश, नेपाल।**



## शुभकामना

नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) ले यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टर सँगको साझेदारीमा सामुदायिक रुपान्तरण परियोजना र अपाङ्गता पूर्नस्थापना कार्यक्रम यस पुथा उत्तरगंगा गाउँपालिकामा प्रत्यक्ष रुपमा स्थानिय सरकार सँगको समन्वय सहकार्यमा स्वास्थ्य, सरसफाई, जिविको पार्जन, लैङ्गिक समानता, वातावरण र सुशासनको क्षेत्रमा प्रभावकारी रुपमा काम गरी पालिकाको आर्थिक सामाजिक र सचेतना अभिबृद्धिमा योगदान गर्दै आएको छ ।

संस्थाले पालिकामा संचालन गरेका कार्यक्रम, गतिविधिहरुलाई समेटी बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा संस्थालाई धन्यवाद सहित प्रगतिको सुभेक्षा ब्यक्त गर्दछु ।

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

Fastenaktion
Ending hunger together



नेपाल जनजागरण मञ्चले फास्टेएनएक्सन स्विजरल्याण्डसंगको साझेदारीमा रुकुम पश्चिम जिल्लाको आठबिसकोट नगरपालिका वडा नं. १ र २ मा सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजना विशेषगरी पर्यावरणीय कृषिमा आधरित परीयोजना हो। जस अन्तर्गत करेशाबारी, सामुदायोक बगैचा, विद्यालय करेशाबारी, बहुउदेश्यीय नर्सरी, बिऊ वैंक, फलफुल, डालेघाँस र अन्नवालिमा काम गरी खाद्य असुरक्षामा रहेका सिमान्तकृत समुदायको खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याएको छ ।

रुकुम पश्चिममा एन-प्याफसँगको सहकार्य साँच्चै नै फलदायी भएको छ। परीयोजना मार्फत विशेष गरी आठविसकोट नगरपालिकाकाको दुर्गम क्षेत्रका वस्तीहरुमा रहेका समुदायका व्यक्तिहरको जीवन स्तरमा सुधार गर्न संस्था सक्रिय रहेको छ।

स्थानीय समुदायको आवश्यक्तामा आधारीत रहेर समुदायको साथी बनेर समुदायमै रमाएर काम गर्ने भएकाले समुदायसँगको सम्वन्ध, वास्तवीक समस्या र दिगो समाधानको पाटोमा संगसंगै रहेर काम गर्दै आएको छ। काम गर्ने क्रममा प्राप्त चुनौतीहरलाई समुदाय सँगै रहेर समाधानको वाटो खाज्ने कायैशैलीले परीयोजनाको लगानी सदुपयोग हुने मेरो विश्वास छ।

परियोजनाका मुख्य उपलब्धीहरु, सिकाई, चुनौती र कार्यान्वयनको क्रममा ज्ञानको सह-सिर्जनाको माध्यमबाट विकास भएका पर्यावरणीय कृषिका नविन अभ्यासहरु समेटेर संस्थाले वार्षिक प्रतिवेदन प्रकाशन गर्न थाललेकोमा शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

सम्राट कटुवाल
नेपाल कार्यक्रम संयोजक

**UNITED MISSION to NEPAL**
**RUKUM CLUSTER**
PO BOX 126, Thapathali, Kathmandu, Nepal
Sisne- 5, Rukumkot, Rukum East
+97788413188
www.umn.org.np
facebook.com/UMNnepal
rukum@umn.org.np



# दुई शब्द

नेपाल जनजागरण मञ्चद्वारा यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टरको आर्थिक तथा प्राविधिक सहयोगमा जिल्लाको सिस्ने, भुमे र पुथाउत्तरगंगा गाउँपालिकामा सामुदायिक रुपान्तरण परियोजना र अपाङ्गता पूर्नस्थापना परियोजनाहरु संचालनमा रहेका छन् । परियोजनाका क्रियाकलापहरु मार्फत मानसिक स्वास्थ्य अन्तर्गत समुदायमा रहेका तथा बाहिर आउन नसकेर उपचारको दायरामा नपरेका व्यक्तिहरुको पहिचान, परामर्श तथा उपचार सहयोग गर्नुका साथै गाउँपालिका र स्वास्थ्य संस्थाहरुको योजनाहरुमा सहयोग गर्दै आइरहेको छ । साथै अपाङ्गता भएका बालबालिकाहरुलाई उपचार सहयोग, उनीहरुका अबिभावकहरुलाई आय आर्जनका गतिविधिहरु मार्फत बालबालिकाहरुको शैक्षिक उन्नयनामा सहयोग पुर्याएको छ । जनजागरण मञ्चले परियोजनाका उपलब्धी, सिकाई र चुनौती उल्लेख भएको समष्टिगत विवरण सहितको बार्षिक प्रतिवेदन प्रकाशन गरी सम्वन्धीत सरोकारवाला निकाय र लाभान्वित वर्ग सम्म पुग्ने यो सन्देशले संस्थाको सुशासन प्रवर्ध्दनमा सहयोग पुग्नेछ भन्ने बिश्वास लिएको छु ।

संस्थालाई समन्वय तथा साझेदारीको लागि सहयोग गर्नुका साथै परियोजना संचालनको अबधिमा अनुगमन, सल्लाह तथा सुझाब दिनुहुने गाउँपालिका अध्यक्ष ज्युहरु, सम्बन्धित शाखा प्रमुख एबं कर्मचारीहरु, जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी निकायहरु र लाभान्वित समुदायहरुलाई हार्दिक आभार ब्यक्त गर्दछु । संस्थाले प्रकाशन गर्न लागेको प्रगति प्रतिवेदनले नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) ले सम्पन्न गरेका गतिविधिहरु तथा उपलब्धिहरु सर्वसाधारण ब्यक्तिहरुको पहुँच सम्म पुग्ने विश्वास ब्यक्त गदै आर्थिक वर्ष २०८०÷२०८१ को बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकामा धन्यवाद सहित सफलताको शुभकामना ब्यक्त गर्दछु ।

.............................................

**शिव प्रशाद अधिकारी**
**क्लटर टिम लिडर**

# प्रकाशकीय



राष्ट्र निर्माणको लागि  सामुदायिक विकास एउटा मुल आधार हो । समुदाय बन्यो भने समाज बन्छ र सिंगो समाज बन्यो भने समग्र मुलुक बन्दछ । सबै स्थानीय तह समृद्ध पछि मात्र नेपाल समृद्ध बन्छ । तर आम जनमानसले  बुझ्ने भनेको समुदायको विकास राज्यले गरिदेला भनेर हेरेर  बस्ने हो भने आजको तिव्र गतिले अगाडी बढीरहेको विश्व, दुनिया र नयाँ नेपाल निर्माण कल्पनाको अवधारणा निकै पछि पर्न सक्छ त्यसकारण आम समुदायलाई सचेत, सक्षम, जागरुक, सृजनशील, स्वावलम्बी र सीप युक्त बनाउन समाजका अगुवा, नागरीक समाज, संघ संस्थाको नेतृत्वदायी भूमिका अपरिहार्य छ र रहनु पर्छ निरन्तर सिकाई त्यसमा सृजनशील कर्म पुनः सिकाई र  त्यसपछि निरन्तर कामले मात्र गति अगाडी बढ्छ भन्ने कुरामा  मेरो र संस्थाको स्पष्ट धारणा हो ।

सामाजिक रूपान्तरणको लागि समुदायको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक र सांस्कृतिक अधिकार सुनिश्चित गर्दै सामुदायिक विकास प्रक्रिया अगाडी बढ्नु सामाजिक सेवामा लागेका संघ संस्थाको अर्थपूर्ण भूमिका रहने गर्दछ । समुदायमा काम गर्ने संघ संस्थाहरू बढी भन्दा बढी आफ्नो लक्षित अधिकारवाला वर्गप्रति विश्वसनीय जिम्मेवार र जवाफदेही हुन निकै जरुरी पर्दछ, भने उपेक्षित तथा छेउ लागेका र छेउ लगाईएका समुदायको जीवनस्तर परिवर्तनको लागि स्वयम् आफै जुट्नु र आवाज बलियो रुपमा स्थापित गर्नु पर्दछ ।

लैंगिक समावेशी समतामूलक समाज निर्माणको महान परिकल्पना बोकेको यस नेपाल जनजगागरण मञ्च रुकुम (पश्चिम) ले विभिन्न दातृ निकायसँगको सहयोग र साझेदारीमा र स्वयम् आफ्नै सिप, श्रम र क्षमताको प्रयोग गरी उद्देश्य प्राप्तीको लागि आर्थिक वर्ष २०८०/०८१ मा समुदाय तथा संस्थागत तहमा  भए गरेका काम, क्रियाकलाप र गतिविधिहरू, सिकाई र चुनौतीहरुलाई आम सरोकारवाला बीच उच्चतम् पारदर्शी र वहन गर्दै गराउँदै आगामी वर्षमा मार्ग दर्शनको लागि सल्लाह सुझाव र पृष्ठपोषण प्राप्त गर्न प्रतिवेदन प्रकाशन गरिएको छ ।

समतामुलक समाज निर्माणका लागि निरन्तर पाईला बढाउन आ-आफनो क्षेत्र र तहबाट संस्थालाई सहयोग हुँदै आएको छ । सहयोग आफैमा अर्थपूर्ण छ र त्यसको प्रभाव झन् ओजनदार छ । यस वर्ष संस्था र सामुदायिक विकासको लागि सहयोग गर्ने दातृ निकाय यूनाईटेड मिसन टु नेपाल रुकुम कलष्टर, थापाथलीको सम्पूर्ण टिम, फास्टेएक्सन नेपाल, रुकुम पुर्व र रुकुम पश्चिम दुवै जिल्लाका समन्वय समिति, सबै स्थानीयतहहरु संस्थाका सल्लाहकार ज्यूहरू, कार्य समितिका पदाधिकारीहरू, आजीवन सदस्य ज्यूहरू, पुर्व र पश्चिम जिल्लाका सबै जनप्रतिनिधि ज्यूहरू, लक्षित समुदाय विशेष गरी भुकम्पको महाकारीमा आर्थिक भौतिक सहयोग गर्नु हुने अमेरीकालगायत प्रवासमा रहनु हुने आम सहयोगी मनहरु र अमेरीका रहेर नेतृत्व गर्ने समाज सेवी मन बहादुर कुसारीलगायत सबै सहयोग गर्ने सहयोगी व्यक्तिहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**टेक बहादुर कुसारी**

**अध्यक्ष**

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| **खण्ड (क)** | | |
| १. | संस्थाको परिचय | १ |
| २. | मुल्यमान्यता | २ |
| ३. | हाम्रा रणनीतिहरू | २ |
| ४. | संस्थागत क्रियाकलापहरु | ३ |
| ५. | विभिन्न नीति, नियमावली र निर्देशिकाहरु परीमार्जन | ५ |
| **परियोजना - १** | | |
| १. | सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजना | ११ |
| २. | परिचय | १२ |
| ३. | मुख्य उपलब्धिहरु | १२ |
| ४. | बहुउदेश्यीय नर्सरी स्थापना | १३ |
| ५. | सामुदायिक बगैचा स्थापना | १६ |
| ६. | विद्यालय करेशाबारी स्थापना | १८ |
| ७. | सामुदायिक स्वास्थ्य केन्द्रमा करेशाबारी स्थापना | १९ |
| ८. | समुदायमा फलफूलको विरुवा वितरण | १९ |
| ९. | फलफूलमा काटछाँट, तालिम र प्रसार अभियान | २० |
| १०. | सहभागितात्मक जातिय छनौट बिधिबाट गहुँ र मकैको बिऊ छनौट | २२ |
| ११. | कैमा Relay crop को रुपमा कोदो खेति | २२ |
| १२. | तालिम | २३ |
| १३. | स्थानिय सरकार, वडा र जिल्ला तहका सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य | २३ |
| १४. | परियोजना कार्यान्वयनको समयमा आएका चुनौतिहरु | २४ |
| १५. | परियोजना कार्यान्वयनको समयमा भएका सिकाईहरु | २५ |
| १६. | अनसूचीहरू | २६ |
| **परीयोजनाको परिचय -२** | | |
| १. | सामुदायिक रुपान्तरण परियोजना | ३१ |
| २. | परियोजनाका मुख्य उपलब्धिहरु | ३२ |
| ३. | यस परियोजनाको लाभान्वित संख्या | |

| शीर्षक | | पेज नं. |
|---|---|---|
| ४. | रुकुम पूर्वमा मानसिक स्वास्थ्यको स्थिती | ४० |
| ५. | भूमे गाउँपालिकामा मानसिक स्वास्थ्यको स्थिति | ४० |
| ६. | पुथा उत्तरगंगा गाउँपालिकामा मानसिक स्वास्थ्यको स्थिति | ४१ |
| ७. | गुणस्तर सुधार तथा स्वास्थ्य प्रणाली सुदृधिकरणमा गरिएका प्रयासहरू | ४२ |
| ८. | स्थानीय स्वास्थ्य प्रणाली सुदृधिकरण तथा गुणस्तर सेवा प्रदानका लागि | ४२ |
| ९. | समुदायमा आयआर्जन सुधार सहयोग | ४३ |
| १०. | समुदायले हानी गर्ने परम्परागत अभ्यासहरु (बाल बिवाह, बहु बिवाह, लैंगिक हिंसा, विभेद, सुरुवातको गर्भधारण) | ४४ |
| ११. | सिकाईहरु | ४४ |
| १२. | चुनौतीहरु | ४४ |
| १३. | अनूसुचिहरु | ४५ |

## परियोजना-३

| | | |
|---|---|---|
| १. | परीयोजनाको परिचय | ४७ |
| २. | परियोजनाको लाभान्वित घरधुरी संख्या | ४८ |
| ३. | परीयोजनाका मुख्य उपलब्धीहरू | ४८ |
| ४. | सिकाईहरु | ५१ |
| ५. | चुनौतीहरु | ५१ |
| ६ | अनूसुचिहरू | ५२ |

# खण्ड (क)
# नेपाल जनजागरण मञ्च (एन प्याफ)
## मुसीकोट नगरपालिका- १, सल्ले रुकुम (पश्चिम)

## १. संस्थाको परिचय

> **" लैङ्गिक समावेशी, समतामुलक समाज " भन्नाले**
>
> - महिला र पुरुष बीच भेदभाव नभएको ।
> - एक अर्का बीच सहयोगी भाबना भएको ।
> - महिला र पुरुषहरुले आफ्नो ब्यक्तित्व बिकासका लागि स्वनिर्णय आफै गर्न सक्ने ।
> - लैगिक विभेदीरकणको अन्त्य भई समान कामका लागि समान ज्यालाको व्यवस्था भएको ।
> - पैतृक सम्पत्तीमा समान अधिकार ।
> - शिक्षा,स्वास्थ्य र स्वच्छ खानेपानीमा पहुँच भएको ।
> - तल्नो तहदेखि निर्णायक तहसम्म समान सहभागीता आफ्ना आवस्यकता आँफै पूर्ति गर्न सक्ने ।

नेपाल जनजागरण मञ्च (N-PAF) रुकुम (पश्चिम) समाजमा व्याप्त गरिवी, वेरोजगार, अशिक्षा, अन्धविश्वास र सामाजिक कुसंस्कारको सम्बोधन गरी पछाडि पारिएकावर्ग, लिङ्ग र समुदायको सशक्तिकरण गर्दै मानव अधिकार तथा आधारभुत अधिकारको रक्षा एवं उनीहरुको जीवन स्तरमा सकारात्मक परिवर्तन गरी मुलुकको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ संस्था दर्ता ऐन २०३४ अन्तर्गत प्रचलित कानुनलाई प्रतिकुल असर नहुने गरी जिल्ला प्रशासन कार्यालय रुकुममा २०६३ सालमा विधिवत रुपमा दर्ता भएको नाफारहित स्वतन्त्र सामाजिक गैरसरकारी संस्था हो । यस संस्थाले स्थापनाकाल देखि नै महिला र वालवालिका सम्बन्धि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सेवा गर्दै र स्थापना पश्चात वैधानिक रुपमा महिला, वालवालिका, दलित, जनजाति, गरिब तथा बिपन्न वर्गहरुमा आय आर्जन मुलक कार्यक्रमहरु सञ्चालन गर्नुका साथै यिनिहरुको पक्षमा प्रत्यक्ष रुपमा आवाज उठाउदै आईरहेको छ । **"लैङ्गिक समावेशि समतामूलक समाज निर्माण गर्ने"**परिकल्पनाका साथ अगाडी बढिरहेको यस संस्थाले समुदाय स्तरमा महिला तथा वालवालिकाको आधारभुत आवश्यकता पुरा गर्न चेतनामूलक काम गर्ने, समाजमा छरिएर रहेका दलित, जनजाति, महिला,अपाङ्गता,बालबालिका,गरिव तथा सिमान्तकृत भएका वर्गको प्रत्यक्ष जिवन स्तरमा सुधार गर्नका लागि जानकारीमूलक, आयआर्जनमुलक, सशक्तिकरण, अनौपचारिक शिक्षा, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य,मानसिक स्वास्थ्य,सुशासन,पोषण, खाद्य

सुरक्षा र विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका क्षेत्रमा यस वर्ष रुकुम(पूर्व) र रुकुम (पश्चिम) मा विभिन्न परियोजनाहरु संचालन गरिएको छ ।

संस्थाको लैगिक समावेशी समतामुलक समाजको निर्माण गर्ने परिकल्पनालाई पुरा गर्नलाई संस्थामा विभिन्न २४ वटा नीति, निर्देशिका र संस्थाको ५ वर्षे रणनीतिक योजना अनुसार लक्ष्य केन्द्रित कार्यहरु भएका छन् । सिमित श्रोत साधनको वावजुत पनी ग्रामीण समुदायमा आफनो सेवाहरु निरन्तर रुपमा प्रदान गर्दै आएको छ । यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने स्थानिय सरकार,प्रदेश तथा संघ सरकारका विभिन्न संयन्त्रहरु,साझेदारी निकाय यू.एम.एन.,फास्टेएनएक्सन नेपाल, वहुसरोकारवाला निकायहरु विशेष गरी आठविसकोट नगरपालिका, सिस्ने गाँउ पालिका, भुमे गाँउ पालिका र उथाउत्तरगंगा गाँउपालिका प्रति निरन्तर साथ सहयोग र सहकार्यको पूर्ण अपेक्षा सहित आभार प्रकट गर्दछौ । यसरी समन्वय सहकार्य र साझेदारीमा गरेका काम तथा गतिविधिहरु लाई समेटी संस्थाको वार्षिक प्रगति प्रतिवेदन २०८१ प्रकाशन गरेका छौं ।

**(क) संस्थाको परिकल्पना (Vision) :**

"लैङ्गिक-समावेशी, समतामुलक समाज"

**(ख) ध्येय (Mission):**

सशक्तिकरण, वकालत, स्थानीय श्रोत परिचालन र आयआर्जनको माध्यमवाट लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्ने ।

**(ग) लक्ष्य (Goal):**

महिला तथा पछाडी पारिएका समुदायलाई सशक्तिकरणका माध्यमबाट स्वास्थ्य, शिक्षा र आयआर्जनमा पहुँच वृद्धिका साथै दिगो विकासमा टेवा पुऱ्याई जीवनस्तरमा सुधार ल्याउने ।

## २. संस्थागत मुल्यमान्यता :

१) मागमा आधारित कार्यक्रम २) मितव्ययिता ३) पारदर्शीता ४) लैङ्गिक समानता
५) ईमान्दारीता ६) जवाफदेहीता ७)विधिको शासन ८) स्वावलम्बी
९) समावेशीकरण

## ३. हाम्रा रणनितिहरु :

- साझेदारी, समन्वय र सहकार्य
- क्षमता विकास तथा सशक्तिकरण
- तथ्यमा आधारित वकालत

- श्रोत साधनको अधिकतम परिचालन
- स्वयंसेवक परिचालन

## १.४ हाम्रा विषयगत कार्यक्षेत्रहरु :

१. दीगो जीविकोपार्जन ।

२. स्वास्थ्य,पोषण र सरसफाई ।

३. गुणस्तरीय शिक्षा ।

४. विपदजोखिम न्यूनिकरण, उर्जा र जलवायु परिवर्तन अनुकूलन

५. सुशासन

६. लैगिंक समानतातथा सामाजिक समावेशीकरण

## ४. संस्थागत क्रियाकलापहरु :

### कार्य समितिको बैठक :

यस नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) को आर्थिक वर्ष २०८०/२०८१ मा कार्य समिति बैठक १४ पटक बसी संस्थागत विकासको लागि निर्णयहरु गरेको छ । संस्थालाई विधिवत रुपमा सामुहिक नेतृत्वबाट अगाडी बढाउन तथा संस्थागत कार्य र विभिन्न परियोजनाहरु सफल कार्यान्वयनका लागि कार्यक्रमको समिक्षा परियोजनाहरुको अनुगमन वातावरण संरक्षणका लागि बृक्षा रोपन सामाग्री खरिद कर्मचारी ब्यवस्थापन सवारी साधन संचालन ब्यवस्थापन संजालमा आवद्धता र संस्थागत स्व लेखाजोखाको समिक्षा जस्ता विषयमा छलफल गरी निर्णयहरु गरिएको छ ।

### संस्थागत बैधानिक्ता :

### साधारण सभा :

यस संस्थाको बार्षिक साधारण सभा मुसीकोट नगरपालिका १, खलंगा रुकुम (पश्चिम) स्थित होटेल एसियनमा मिति २०८१।०६।१२ गते सम्पन्न गरिएको थियो । बार्षिक साधारण सभा संस्थाका अध्यक्ष श्री टेक बहादुर कुसारी अध्यक्षता, जिल्ला समन्वय समिति प्रमुख श्री लुम्वीनी गौतम्  प्रमुख अतिथि, मुसीकोट नगरपालिका नगर प्रमुख श्री महेन्द्र के.सी को विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमको उद्घघाटन शत्रमा संस्थाका सल्लाहकार, कार्य समिति, जनप्रतिनिधि, अन्य सरोकारवाला, कर्मचारी र साधारण सदस्यहरुको सहभागीता रहेको थियो । संस्थाका अध्यक्ष श्री टेक बहादुर कुसारी ज्यूको अध्यक्षतामा सम्पन्न उद्घघाटन शत्रमा संस्थाको प्रतिवेदन सचिव खम्वुसिंह श्रेष्ठ ज्यूले प्रस्तुत गर्नु भएको थियो । गत आ.व मा संचालित परियोजनाको समिक्षा गदै उद्घघाटन

सत्र सम्पन्न भएको थियो । उक्त उद्धघाटन सत्रको सहजिकरण संस्थाका सह-सचिव श्री दिपेन्द्र महतरा ज्यूले गर्नु भएको थियो ।

**नविकरण :**

संस्थाले आफ्नो संस्थागत गतिविधिहरु विधिवत रुपमा निर्धारित समयमै सम्पन्न गरी सामाजिक सेवाका कामहरु बैधानिक रुपमा संचालन तथा सम्पादन र कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) लगाएत विभिन्न सरोकारवाला निकाय सँग संस्था नविकरण गरी काम गर्दै आएको छ ।

**संस्थाको संस्थागत स्व लेखाजोखा कार्य योजनाको समिक्षा :**

संस्थाको आधार स्तम्भको रुपमा रहेका संस्थागत यी ९ वटा क्षेत्रहरु विधिको शासन, (Rule of low), पारदर्शिता र जवाफदेहिता (Transparency and Accountability), सहभागतिा र स्थानिय स्रोतहरु (Participation and Local Resource), नेतृत्व (Ladership), कार्य दक्षता र प्रभावकारीता, (Efficiency and Effectiveness), आर्थिक व्यवस्थापन (inancial Management), दिगोपना (Sustainability), सञ्जाल (Networking) र सिकाई र दस्ताबेजिकरण (Learning and Docu) क्षेत्रका उप सुचकहरुमा संस्थाले आफै स्व लेखा जोखा तथा विश्लेषण गरी सुधारको योजना तय गरेको छ ।

**संस्थागत शुसासन :**

**बाह्य लेखा परिक्षण :**

संस्थाले यस आर्थिक वर्षमा संचालन गरेको सबै परियोजना तथा संस्थागत गतिविधिहरुलाई समेटी चौधरी एसोसेटस कम्पनी (चाटर्ड एकाउन्टेन) सँग बाह्य लेखा परिक्षण संचालन गरी आर्थिक तथा भौतिक पारदर्शिता वहन गरिएको छ ।

**सामाजिक परिक्षण :**

संस्थाले आर्थिक वर्षमा समुदाय तथा संस्थागत रुपमा संचालन गरेका सबै गतिविधिहरुलाई समेटी सामाजिक जवाफदेहिता लाई प्रवर्द्धन गर्न परियोजना संचालन क्षेत्रहरु रुकुम पूर्व र रुकुम (पश्चिम) मा संचालन भएका सवै परीयोजना  र संस्थागत कामहरुको सरोकारवाला मार्फत अनुमोदित भई सुसाशन प्रवर्द्धन गर्न गराउन बाह्य स्वतन्त्र व्यक्ति को सहजीकरणमा  सामाजिक परिक्षण गरी संस्थाले गरेको काम तथा गतिविधिहरु आम सरोकारवालाहरु मार्फत अनुमोदन गर्ने काम सम्पन्न भएको छ ।

उक्त कार्यक्रम मार्फत निकै महत्वपूर्ण सल्लाह सुझावहरु प्राप्त भएका थिए ।

१) योजना निर्माण गर्दा थप समन्वय गरी स्थानिय सरकार सँग एकिकृत गरेर लैजाने ।

२) कार्यक्रमको दोहोरोपनाका लागि समय समयमा विषयगत शाखा र अन्य सरोकारवाला सँग सहकार्यमा काम गर्ने ।

३) सामाजिक जागरण र सचेतनाको कामहरुमा वढी जोड दिने विशेष गरी वालविवाह,सरसफाई र मद्यपानलाई कम गर्ने ।

४) सहयोग गर्दा अलि देखीने र ठुलो स्केलमा सहयोग गर्दा प्रभावकारी हुने ।

५) रुकुम (पश्चिम) र रुकुम पूर्वमा सञ्चालित परियोजनाहरुलाई निरन्तरता दिने ।

**संस्थाको आन्तरिक लेखा परिक्षण :**

संस्थालाई पारदर्शिता, जवाफदेहि र थप शुसासन युक्त बनाउन अर्धवार्षिक रुपमा संस्थामा गठित आन्तरिक लेखा परिक्षण उप समितिले संस्थाको २ पटक आन्तरिक लेखा परिक्षण सम्पन्न गरेको थियो । लेखा परिक्षणमा संस्थागत तथा कार्यक्रमगत रुपमा भएका आर्थिक तथा भौतिक प्रगतिहरुको शुक्ष्म रुपमा परिक्षण समेत गरिएको थियो । दातृ निकाय मार्फत भएको लेखा परिक्षणको सुझाव र सल्लाहरुको कार्यान्वयनको पनि समिक्षा गरिएको थियो ।

**दातृ निकाय मार्फत लेखा परिक्षण :**

विभिन्न दातृ निकायहरुको साझेदारीमा यस संस्था द्वारा संचालित परियोजनाहरुको स्वयम दातृ निकायहरु मार्फत लेखा परिक्षण गरिएको थियो । यूनाईटेड मिसन टुन नेपाल, फास्टेएनएक्सन नेपाल मार्फत समेत लेखा परीक्षण सम्पन्न भएको छ ।

## ५. विभिन्न निति, नियमावली र निर्देशिकाहरु परिमार्जन :

संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्यहरु परिपूर्तिको लागि संस्थाले स्थापनाकाल देखि संस्थामा आवश्यक विभिन्न नीति,निर्देशिका,नियमावलीहरु परीमार्जन गरीएको छ । आर्थिक तथा प्रशासन नियमावली, कर्मचारी प्रशासन नियमावली, सवारी साधन परीचालन तथा व्यवस्थापन नियमावली,वहु सरोकारवाला साझेदारी स्वलगानी निमायवली, वाल तथा लैगिक संवेदनशिल नीति र महामारी रोग प्रतिकार्य नीति आदि संशोधन गरीएको छ । कार्यशाला गोष्ठीमा संस्थाका पदाधिकारी, सल्लाहकार र कर्मचारीहरुको सहभागीता रहेको थियो ।

**समन्वय र सहकार्य :**

**अनुगमन तथा समिक्षा कार्यक्रम :**

संस्थामा कार्यरत सबै कर्मचारी र कार्य समितिका पदाधिकारीहरुको संलग्नतामा मासिक रुपमा सम्पादन भएका आर्थिक तथा भौतिक प्रगतिहरुको समिक्षा गरी कार्यक्रमलाई

प्रभावकारी बनाउने कामहरु गरिएको थियो । यस आर्थिक वर्षमा १२ पटक कर्मचारीहरुको मासिक बैठक सम्पन्न भएको छ ।

संस्थाले दातृ निकायहरुको सहकार्य र साझेदारीमा संचालन गरेका काम तथा गतिविधिहरुलाई समेटी संस्था,समुदाय र जिल्ला स्तरमा त्रैमासिक, अर्धबार्षिक र वार्षिक समिक्षा गरिएको छ ।

संस्थाले रुकुम (पूर्व) र रुकुम (पश्चिम) मा संचालन गरेका परियोजनाहरुको जिल्ला तथा पालिका स्तरिय सरोकारवालाहरु मार्फत स्थलगत रुपमा अनुगमन गरिएको छ । स्थानिय सरकारका प्रमुख,प्रमुख प्रशासकिय अधिकृत र अन्य सरोकारवालाहरुको संयूक्त सहभागितामा परियोजना क्षेत्रमा अनुगमन गरेको थियो ।

**संस्थाको आवद्धता :**

| क्र.स | संस्था आवद्धता भएको निकायहरु | दर्ता नं. | दर्ता मिति |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) | १०३।०६२।०६३ | २०६३।०३।२८ |
| २ | समाज कल्याण परिषद् काठमाडौं | २१२६१ | २०६३।०९।२३ |
| ३ | गैर सरकारी संस्था महासंघ रुकुम (पश्चिम) | ४७ | २०६५।०१।३० |
| ४ | आन्तरिक राजश्व कार्यालय दाङ्ग | ३०२१९९२३७ (पा.न.) | २०६३।०६।२५ |
| ५ | सामाजिक विकास मन्त्रालय महाशाखा बुटवल नेपाल | १०२४ | २०७५।०९।२७ |

**संस्थाका कार्यसमिति विवरण :**

| क्र.स | नामथर | पद | लिङ्ग | पेशा | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | टेक बहादुर कुसारी | अध्यक्ष | पुरुष | कन्सलटेन्सी | ९८६४९५८८२ |
| २ | पूर्ण कवारी बुढा | उपाध्यक्ष | महिला | सामाजिक सेवा र व्यापार | ९८४७८६५८३३ |
| ३ | खम्बुसिंह श्रेष्ठ | सचिव | पुरुष | नोकरी | ९८६८४१३७१८ |
| ४ | दिपेन्द्र महतरा | सह-सचिव | पुरुष | पत्रकार | ९८४५३३४४७२ |
| ५ | यमुना वि.सी | कोषाध्यक्ष | महिला | व्यापार व्यवसाय | ९८६६८०६८५४ |
| ६ | रामलाल बोहरा | सदस्य | पुरुष | व्यवसाय | ९८६८९६३४४५ |
| ७ | पूर्ण खत्री | सदस्य | पुरुष | कृषि | ९८१२८६४१२७ |

| क्र.स | नामथर | पद | लिङ्ग | पेशा | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| ८ | टेक बहादुर वि.सी | सदस्य | पुरुष | व्यवसाय | ९८४७८५१५१८ |
| ९ | भिमा विटालु (ददेल) | सदस्य | महिला | परामर्शदाता | |
| **संस्थाका सल्लाहकार समिति विवरण :** | | | | | |
| १ | श्री विष्णु बहादुर बुढाथोकी | संस्थापक सल्लाहकार | पुरुष | समाजसेवी | |
| २ | श्री अर्जुन भण्डारी | सल्लाहकार | पुरुष | नोकरी | |
| ३ | श्री पलबहादुर पौडेल | संस्थापक सल्लाहकार | पुरुष | नोकरी | |
| ४ | श्री जुनतारा बुढा | जिविको पार्जन सल्लाहकार | पुरुष | नोकरी | |
| ५ | श्री कर्ण बहादुर नेपाली | सुशासन तथा योजना सल्लाहकार | पुरुष | नोकरी | |
| ६ | श्री रत्न बहादुर खड्का | कानूनी सल्लाहकार | पुरुष | कानूनी सेवा | |
| ७ | श्री चन्द्र वहादुर खडका | कानूनी सल्लाहकार | पुरुष | नोकरी | |
| ८ | डा.अमृत शर्मा | वातावरण विज्ञ | पुरुष | प्रोफेसर | |

## कर्मचारी विवरण :

| महिला | पुरुष | जम्मा | दलित | जनाजाती | अपाङ्गता | अन्य |
|---|---|---|---|---|---|---|
| १७ जना | ७ जना | २४ जना | ६ जना | १० जना | १ जना | ७ जना |
| आंशिक स्वायक सेवकहरु | | | | | | |

## संस्था स्थापनाकालदेखि गत आ.व. सम्म संचालन गरिएका परियोजना :

| क्र.स | परियोजनाको नाम | दातृ नकाय | अवधि |
|---|---|---|---|
| १ | सिस्ने एकिकृत आयआर्जन तथा दिगो विकास भेडा पालन कार्यक्रम | एपीपीएसपी | १ वर्ष |
| २ | सजिवन खेतीको लागि नमुना आयोजना | बैकल्पिक उर्जाप्रवर्धन कार्यक्रम काठमाण्डौं | १२ महिना |

| क्र.स | परियोजनाको नाम | दातृ नकाय | अवधि |
|---|---|---|---|
| ३ | द्वन्द पिडित बालबालिकाहरुको लागि छात्राबृद्धि कार्यक्रम | म.वा तथा स.क.म काठमाण्डौं | ३ महिना |
| ४ | समुदाय सर्वेक्षण कार्यक्रम | यु.एम.एन रुकुम | ६ महिना |
| ५ | समुदायको मुल अवस्था पहिचान | यु.एम.एन रुकुम | १ वर्ष |
| ६ | साक्षरता कक्षा संचालन कार्यक्रम | यु.एम.एन र जि शि.का.रुकुम | १ वर्ष |
| ७ | छात्राबृद्धि कार्यक्रम | यु.एम.एन रुकुम | १ वर्ष |
| ८ | क्ष्ःऋक्ष कार्यक्रम | यु.एम.एन रुकुम | ६ महिना |
| ९ | महिला शसक्तिकरणका लागि एकिकृत र्काक्रम | यु.एम.एन रुकुम | १ वर्ष |
| १० | महिला स्वास्थ्य सुधार तथा शसक्तिकरण कार्यक्रम | यु.एम.एन रुकुम | १ वर्ष |
| ११ | द्वन्दपिडित परीवारको लागि आय आर्जनमा सहयोग कार्यक्रम | म.वा तथा स.क.म काठमाण्डौं | १ वर्ष |
| १२ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | जि.वि.स रुकुम | ५वर्ष |
| १३ | घरेलु हिंसा न्यूनिकरणका लागि चेतनामुलक कार्यक्रम | जि.वि.स रुकुम/ यु.एम.एन रुकुम | १ वर्ष |
| १४ | जोखिममा रहेका तथा द्वन्दबाट प्रभावित बालबालिका एवम् परिवारका लागि विकेन्द्रिकरण सहयोग सुदृढीकरण आयोजना | म. तथा बालबालिका कार्यालय रुकुम | १ वर्ष |
| १५ | महिला शसक्तिकरणका लागि लैंगिक विभेद न्यूनिकरण कार्यक्रम | जि.वि.स रुकुम | १ वर्ष |
| १६ | स्थानिय विकास निर्माण तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम | स्थानिय शासन तथा उत्तरदायि संयन्त्र नेपालगंज | १ वर्ष |
| १७ | सहभागीता मुलक योजना तर्जुमा कार्यक्रम | यु.एम.एन र गा.वि.स. | १ वर्ष |
| १८ | सुरक्षित मातृत्व नवजात शिशु सेवाको उपयोग बृद्धि गर्न समता र पहुँच कार्यक्रम | जिल्ला स्वास्थ्य कार्यालय रुकुम | १ वर्ष |
| १९ | उत्तम आहार कार्यक्रम | यु.एम.एन | ३ वर्ष |
| २० | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन परियोजना | संयूक्त राष्ट्रसंघिय विकास कार्यक्रम | १.५वर्ष |
| २१ | खानेपानी तथा सरसफाई कार्यक्रम | फन्डवोर्ड काठमान्डौ | १ वर्ष |

| क्र.स | परियोजनाको नाम | दातृ नकाय | अवधि |
|---|---|---|---|
| २२ | गरिव तथा जोखिम समुदायका लागि खाद्य तथा पोषण सुढृढिकरण कार्यक्रम | यु.एम.एन | १ वर्ष |
| २३ | कृषि तथा खाद्य सुरक्षा परीयोजना | एफ.ए. | ३ वर्ष |
| २४ | समुदाय सहयोग कार्यक्रम | सि.एस.पी .केएर ग्प्ब्स् | २ वर्ष |
| २५ | स्थानिय शासन तथा उत्तरदायि संयन्त्र | एल.जि.ए.एफ | २ वर्ष |
| २६ | प्रोयाक्ट परीयोजना | यू.एम.एन. | ३ वर्ष |
| २७ | मानसिक स्वास्थ्य पहुँच सुधार परीयोजना | यू.एम.एन. | ७ वर्ष |
| २८ | सामुदायिक स्वास्थ्य सुधार परीयोजना | यू.एम.एन. | ३ वर्ष |

## आ.व. २०८०/२०८१ मा संचालित कार्यक्रमहरुको संक्षिप्त विवरण :

| क्र.स | कार्यक्रम/परियोजनाको नाम | कार्यक्षेत्र | साझेदारी निकाय |
|---|---|---|---|
| १ | अपाङ्गता पुर्नस्थापना कार्यक्रम | रुकुम (पूर्व) | यू.एम.एन. |
| २ | सामुदायिक रुपान्तरण परियोजना | रुकुम (पूर्व) | यू.एम.एन. |
| ३ | सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण कार्यक्रम | रुकुम (पश्चिम) | फाष्टेनएक्सन (एफ.ए) |
| ४ | वहु सरोकारवाला स्व लगानी कार्यक्रम | रुकुम पुर्व र रुकुम पश्चिम | स्थानीय सरोकारवाला सँगको साझेदारीमा |
| ५ | भुकम्प प्रभावित क्षेत्रमा राहत पुर्नस्थापना कार्यक्रम | रुकुम पश्चिम र जाजरकोट जिल्ला | अमेरिका टेकसास निवासी नेपाली |

## रुकुम (पश्चिम) जिल्ला स्थित स्थानीय सरकारका प्रमुखहरुको टेलीफोन विवरण :

| क्र.स | नामथर | पद | कार्यालय | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|
| १ | महेन्द्र के.सी | नगर प्रमुख | मुसीकोट नगरपालिका | ९८४७८५२०२५ | |
| २ | पुष्प बादी | नगर प्रमुख | चौहरजहारी नगरपालिका | ९८६६२०८५०९ | |
| ३ | रवि के.सी | नगर प्रमुख | आठविसकोट नगरपालिका | ९८५११२०८०५ | |
| ४ | जनक कुमार बाँठा | अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८४९४११८१ | |
| ५ | गणेश कुमार के.सी | अध्यक्ष | त्रिवेणी गाउँपालिका | ९८२९८७८३६० | |
| ६ | विर्ख बहादुर विष्ट | अध्यक्ष | सानीभेरी गाउँपालिका | ९८४४९७५६५ | |

| क्र. स | नामथर | पद | कार्यालय | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|
| | | | | ० | |
| रुकुम (पूर्व) जिल्ला स्थित स्थानीय सरकारका प्रमुखहरुको टेलीफोन विवरण : | | | | | |
| १ | कृष्ण रेग्मी | अध्यक्ष | सिस्ने गाउँपालिका | ९८६३९३५१४२ | |
| २ | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | भुमे गाउँपालिका | ९८६०२३५३०८ | |
| ३ | पुनीराज घर्ति | अध्यक्ष | पुथा उत्तरगंगा गाउँपालिका | ९८५७८२४२८१ | |
| रुकुम (पश्चिम) जिल्ला समन्वय समिति टेलीफोन विवरण : | | | | | |
| १ | लुम्वीनी गौतम | प्रमुख | जिल्ला समन्वय समिति रुकुम (पश्चिम) | ९८५७८५२१०२ | |
| २ | देव बहादुर वि.क | उप-प्रमुख | जिल्ला समन्वय समिति रुकुम (पश्चिम) | ९८५७८५२७३३ | |
| रुकुम (पूर्व) जिल्ला समन्वय समिति टेलीफोन विवरण : | | | | | |
| १ | मेघ बहादुर श्रेष्ठ | प्रमुख | जिल्ला समन्वय समिति रुकुम (पूर्व) | ९८४०४९४१५५ | |
| २ | मोहन बहादुर के.सी | उप-प्रमुख | जिल्ला समन्वय समिति रुकुम (पूर्व) | ९८६८०६२४८८ | |

# परियोजना - १

## *सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजना*

| | | | |
|---|---|---|---|
| **परियोजनाको नाम** | सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजना | | |
| **परियोजनाको अवधि** | सन् २०२२ देखी सन् २०२५ को जुन महिना सम्म | | |
| **कार्यक्षेत्र** | आठबिसकोट नगरपालिका वडा नं. १ र २ | | |
| **साझेदार संस्था** | फास्टेनएक्सन स्विजरल्याण्ड | | |
| **लाभान्वित घरधुरी** | ५२५ | | |
| **परियोजनाको जम्मा बजेट** | जनवरी २०२२ - डिसेम्बर २०२२ | रू. ४४६८९८८ | |
| | जनवरी २०२३ - डिसेम्बर २०२३ | रू. ४७००८७८.८ | |
| | अप्रिल २०२४ - डिसेम्बर २०२४ | रु. ३८१७४३२ | |
| | जनवरी २०२५ - जुन २०२५ | रू. ३४३०६९५ | |
| | **जम्मा** | **रू. १६४१७९९३८** | |
| **आर्थिक वर्ष २०८०/०८१ को कुल बजेट (प्रतिबेदन अवधि)** | **अवधि** | **बजेट** | **खर्च** |
| | १७ जुलाई २०२३ - डिसेम्बर २०२३ | रु. ३०,०५,६६६.८० | रु. १८,८०,०४६ |
| | जनवरी - मार्च २०२४ (No Cost Extension Phase) | रु. १६,३१,५२० | रु. १४७०७४८ |
| | अप्रिल - १५ जुलाई २०२४ | रू. ३८,१७,४३१ (अप्रिल २०२४ - डिसेम्बर २०२४) | रु. १५९८७६५ |
| **परियोजनासंग सम्बन्धित सम्पर्क व्यक्ति** | नामः | समिट रिजाल | |
| | पदः | कार्यक्रम संयोजक | |
| | ईमेलः | summit.rijal@gmail.com | |
| | सम्पर्क नं. | +९७७-९७४१८५५९१० | |

## १. परिचय

सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजना नेपाल जनजागरण मञ्चद्वारा फास्टेनएक्सन स्विजरल्याण्डसंगको साझेदारीमा आठबिसकोट नगरपालिका वडा नं. १ र २ मा संचालन भइरहेको छ । यो परियोजना पर्यावरणीय कृषिमा आधारित परियोजना हो । परियोजनाले विशेष गरी तरकारी, फलफूल, अन्न बालि र डाले घाँसको क्षेत्रमा काम गरी खाद्य तथा सन्तुलित पोषण सुरक्षाको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ । परियोजनाका विभिन्न अंगहरु करेशाबरी, बहुउदेश्यीय नर्सरी, सामुदायिक बगैचा, विद्यालय करेशाबारी, बिऊ वैंक, सामुदायिक स्वास्थ्य केन्द्रहरुमा करेशाबरी आदिमा आधारित भएर कार्यान्यिन भइरहेको छ ।

### १.१ परियोजनाको लक्ष्य

रैथाने खाद्यान्न बालि, तरकारी र फलफूलको उत्पादन तथा उपभोग बढाइ आठबिसकोट नगरपालिका वडा नं. १ र २ का ५२५ घरधुरीहरुको खाद्य तथा सन्तुलित पोषण सुरक्षाको सुनिश्चितता गर्ने ।

### १.२ परियोजनाको उदेश्यहरु

- ५२५ घरधुरीहरुले पोषणको बारेमा सचेत भई ४०० घरधुरीहरुले पर्यावरणीय कृषिमा आधारित करेशाबरी स्थापना गरी वर्षभरी तरकारीको उपभोग गरिरहेका हुनेछन भने १०० घरधुरीहरुले फलफूल रोपेका हुनेछन ।
- १०० घरधुरीहरुले मुख्य खाद्यान्न बालि मकै, गहुँ र कोदोको उत्पादनमा बृद्धि गरी कम्तिमा पनि एक महिना बढी खाद्यान्नको उपलब्धता बढाएका हुनेछन ।
- आठबिसकोट नगरपालिका तथा वडा नं. १ र २ ले पर्यावरणीय कृषिको अवधारणा बुझि कम्तिमा दुइ वटा पर्यावरणीय कृषिमा आधारित क्रियाकलापहरु तयार गरी र बजेट विनियोजन गरी कार्यान्वयन गरेका हुनेछन ।

## २. मुख्य उपलब्धिहरु

### २.१ करेशाबारी स्थापना

कुल ४०५ घरधुरीहरुले पर्यावरणीय कृषिमा आधारीत करेशाबारी स्थापना गरेका छन् । स्थापना भएका करेशाबारीहरुमा निम्न पर्यावणीय कृषिका अभ्यासहरु अवलम्बन गरिएको छ;

- ✓ कम्तिमा ५ प्रकारका तरकारी संख्या
- ✓ मिश्रित र चक्रिय बालि प्रणाली
- ✓ पानी व्यवस्थापनको लागि खाडल निर्माण
- ✓ बार निर्माण र बारमा लहरे तरकारीको खेति साथै छापोको प्रयोग
- ✓ रोगकिरा नियन्त्रणको लागि जैविक बिसादीको प्रयोग



*चित्र नं. १ करेशाबारी*

- ✓ मौसम अनुसारको **flat bed, raised bed and sunken bed** प्रयोग का साथै कमपोष्ट खाडल निर्माण र प्रयोग

### २.१.१ बिऊ व्यवस्थापन र सहयोग

समुदायमा उपलब्ध भएको रैथाने र बाहिय तरकारी बालिका बिऊहरु समुदाय भित्र साटासाट गर्ने अभ्यास छ भने परियोजनाले पनि समुदायबाट खरिद गरेर आबश्यकता अनुसार बितरण गरेको छ । समुदायमा उपलब्ध नभएको बिऊहरु जस्तै बन्दा, काउली, पालक साग, चुकन्दर, सलगम, गाँजर, मार्फा साग, प्याज, बोडी आदि तरकारीको बिऊ परियोजनाले खरिद गरी समुदायमा बितरण गरेको छ । साथै वितरण गरिएको बिऊबाट समुदाय आफैले बिऊ उत्पादन गरी बिऊको व्यवस्थापन गर्ने अभ्यास अवलम्बन गरिएको छ ।

### २.१.२ करेशाबारी निर्माणको लागि प्रविधिक सहयोग

करेशाबारी निर्माणको लागि आवश्यक पर्ने प्रबिधिक सहयोग समुहको बैठकमा र घरभेट माध्यमबाट प्रदान गरिएको छ । **Seed Bed** तयारी गरी बेर्ना जमाउने बिधि, स्थानिय स्तरमा पाइने विभिन्न सामग्रीहरुको प्रयोग गरी जैविक बिषादी तयार गरी रोग किरा नियन्त्रण गर्ने तरिका, पानी व्यवस्थापन, चक्रिय बालि प्रणाली, मिश्रित बालि प्रणाली, छापो जस्ता बिषयमा २३ वटा समुह र घरभेटको माध्यमबाट आवश्यक ज्ञान र सीप प्रदान गरिएको छ ।



*चित्र नं. २ समुहका सदस्यहरु raised seed bed तयार गरी बिउ जमाउन सिक्दै*

## ३. बहुउदेश्यीय नर्सरी स्थापना

वडा नं. १ मा २ वटा र वडा नं. २ मा २ वटा गरी जम्मा ४ वटा बहुउदेश्यीय नर्सरीहरु स्थापना भएका छन । बहुउदेश्यीय नर्सरीहरु स्थापना गर्नुको मुख्य उदेश्यहरु तल उल्लेख गरिएको छ;

- ✓ समुदायमा फलफूलका र डाले घाँसका उच्च गुणस्तरीय बिरुवाका साथै तरकारीको बिउ तथा बेर्न सहजै उपलब्ध गराउन ।
- ✓ भरपर्दो स्रोत व्यक्ति समुदायमा नै उत्पादन गरी फलफूल खेति र नर्सरी सम्बन्धि प्रबिधिक सहयोग समुदायमा उपलब्ध गराउन ।
- ✓ फलफूलका विभिन्न जातहरुको परिक्षण गरि परियोजना क्षेत्रको हावापानीमा राम्रो परिणाम दिने फलफुल छनौट गरी समुदायमा फैलाउन ।



*चित्र नं. ३ वडा नं. १ मा रहेको बहुउदेश्यीय नर्सरी*

## ३.१ नर्सरी पालकहरुलाई तालिम तथा प्रबिधिक सहयोग

नर्सरी पालकहरुलाई ३ दिने नर्सरी व्यवस्थापन सम्बन्धि तालिम दिईएको छ । उक्त तालिम वडा नं. २ को स्याँलामा नै दिईएको थियो । साथै परियोजनाका कर्मचारीहरुबाट समय समयमा नर्सरीमा पुगेर नर्सिको अवलोकन तथा अनुगमन गरी आवस्यक सल्लाह सुझाव र प्रविधिक सहयोग दिइएको छ ।

## ३.२ Mother Plant (बिरुवा) सहयोग

स्थापना भएका ४ वटा बहुउदेश्यीय नर्सरीहरुमा विभिन्न फलफूलका विभिन्न जातका बिरुवा **mother plants** को रुपमा सहयोग गरिएको छ । सहयोग गरिएका **mother plants** को नर्सरी पालकहरुले परियोजनाका कर्मचारीहरुको प्रविधिक सहयोगमा हुर्काईरहेकाछन । यसरी वितरण गरिएका विभिन्न जातहरुका फलफूलहरुमध्य जसले राम्रो परिणाम दिन्छ त्यसलाई छनौट गरेर समुदायमा फैलाइने छ । सहयोग गरिएका फलफूलका बिरुवाहरुको विवरण यसप्रकार छ;

| क्र. स. | फलफूलको नाम | जात | कैफियत |
|---|---|---|---|
| 1 | Blue Berry | Chandler | |
| 2 | Avocado | Hass | |
| 3 | Almond | Nonpareil | |
| 4 | Persimmon | Fuyu Japanese | |
| 5 | Apricot | Shakarpara | |
| 6 | Apple | Redjune, Gala, Anna, Fuji | |
| 7 | Pear | Anjou, Barlet, Bosc, | |
| 8 | Cherry | Royal Lee, Mini Royal, Stella, laphins | |
| 9 | Pecan nut | - | |
| 10 | Grape | Black Beauty Seedless, Parlette | |
| 11 | Peach | Red June, Elberta, Desert Golden | |
| 12 | Lemon | Mexicon and Mayers | |

*तालिका नं. १ समुदायमा वितरण गरिएका विभिन्न फलफूल र तिनका जातहरुको विवरण*

## ३.३ बिऊ व्यवस्थापन तथा सहयोग

Rootstock तयार गर्नको लागि आवश्यक पर्ने विभिन्न प्रकारका फलफूलका बिऊहरु जस्तै; ओखर, आरु, मेल, पैयु, आल्मोण्ड आदि परियोजनाले समुदायबाट संकलन गरी बहुउदेश्यीय नर्सरीहरुलाई उपलब्ध गराएको छ भने धेरेजसो नर्सरीपालक आफेले संकलन गरेर बेर्ना जमाएका छन् । उदाहरणको लागि, दाँते ओखर कलमी गर्न आवश्यक पर्ने rootstock को लागि



*चित्र नं. ४ जंगलबाट संकलन गरिएको मेलको बिऊ*

नर्सरी पालकले जङ्गलमा पाईने हाडे ओखरको बिऊ संकलन गरी नर्सरीमा बेर्ना जमाएका छन् । यसैगरी, आरु, पलम र आल्मोण्ड कालमी गर्नको लागि स्थानिय आरुको बिऊ संकन र नस्पाति कालमी गर्नको लागि जंगलमा पाइने मेलको संकलन गरेका छन । स्थानिय स्तरमा उपलब्ध नहुने बिऊहरु जस्तै; तिनपाते सुन्तला परियोजाले बाहिरबाट खरिद गरी उपलब्ध गराएको छ ।

## ३.४ बहुउदेश्यीय नर्सरी व्यवस्थापनको लागि सामग्री सहयोग

नर्सरी व्यवस्थापनको लागि आवश्यक पर्ने समग्रीहरु परियोजनाले बहुउदेश्यीय नर्सरीहरुलाई उपलब्ध गराएको छ । यो भन्दा पहिलेको आर्थिक वर्षमा वितरण गरेका सामग्रीहरुको सहि सदुपयोग सुनिश्चितता गरेको छ । अघिल्लो आर्थिक वर्षमा ४ वटै नर्सरीहरुलाई निम्न प्रकारका सामग्रीहरु वितरण गरिएको थियो;

| क्र. स. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| 1 | Spade | Piece | 2 | |
| 2 | Hand hoe | Piece | 2 | |
| 3 | Pruning secateur | Piece | 1 | |
| 4 | Grafting knife | Piece | 2 | |
| 5 | Pruning saw | Piece | 1 | |
| 6 | Watering cane | Piece | 1 | |
| 7 | Shovel | Piece | 1 | |
| 8 | Rake | Piece | 1 | |
| 9 | Hand sprayer | Piece | 1 | |
| 10 | Grafting tape | Piece | 2 | |
| 11 | Sprinkler | Piece | 1 | |
| 12 | Plastic for seed germination | Meter | 15 | |
| 13 | Drum | Piece | 1 | |
| 14 | Reti | Piece | 1 | |
| 15 | Sila | Piece | 1 | |
| 16 | Pipe | Quail | 2 | |
| 17 | Measuring Tape | Piece | 1 | |
| 18 | Kodalo | Piece | 1 | |

*तालिका नं. २ बहुउदेश्यीय नर्सरीहरुमा वितरण गरिएको सामग्रीहरुको विवरण*

## ३.५ बहुउदेश्यीय नर्सरीहरुको उत्पादन

परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना गरिएका ४ वटा बहुउदेश्यीय नर्सरीहरु मध्य वडा नं. १ को ओख्ले एकिकृत बहुउदेश्यीय नर्सरी र वडा नं. २ को स्याँलामा रहेको बहुउदेश्यीय नर्सरीहरुले राम्रो प्रगति गरेका छन् । यो आर्थिक वर्षमा यी दुई बहुउदेश्यीय नर्सरीहरुले उत्पादन गरेको विभिन्न फलफूलको बिरुवा, तरकारीको बिऊ, डाले घाँस र केहि मसला बालिहरुको बेर्ना

समुदायमा वितरण गरिएको छ । ती बिरुवाहरु परियोजनाले नर्सरीहरुबाट खरिद गरेर समुदायमा वितरण गरेको हो ।

| क्र. स. | विवरण | एकाई | परिमाण | उत्पादन गर्ने नर्सरीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कागति | वटा | ५० | बहुउदेश्यीय नर्सरी स्याँला | |
| २ | टिमुर | वटा | १८२ | बहुउदेश्यीय नर्सरी स्याँला | |
| ३ | मौसम | वटा | २८० | बहुउदेश्यीय नर्सरी स्याँला | |
| ४ | पदम चाल्नो | वटा | ५०० | एकिकृत नर्सरी ओख्ले | |
| ५ | जग्रो | वटा | ५०० | एकिकृत नर्सरी ओख्ले | |
| ६ | पागो मेल | वटा | १३३ | एकिकृत नर्सरी ओख्ले | |
| ७ | मुलाको बिऊ | किलो | ५ | एकिकृत नर्सरी ओख्ले | |

*तालिका नं. ३ नर्सरीहरुले उत्पादन गरी समुदायमा वितरण गरेको विरुवा र बिऊको विवरण*

## ४. सामुदायिक बगैचा स्थापना

सामुदायिक बगैचा पनि सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजनाको एउटा कम्पोनेन्ट हो । परियोजनासंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरु जस्तै; समुदाय, वडा कार्यालय, लालझाडी सामुदायिक वन उपभोक्ता समुह आदिसंगको लामो छलफल पश्चात आठबिसकोट नगरपालिका वडा नं. २ को काडा दह भन्दा अलिकति माथि गुफाधारामा रहेको खालि ठाउँमा सामुदायिक बगैचा स्थापना गर्ने निर्णय गरी यो बगैचा स्थापना गरिएको हो । यो बगैचा लालझाडी सामुदायिक वन अन्तर्गत रहने गरि र समुदायले सञ्चालन तथा हेरचाह गर्नेगरी स्थापना गरिएको छ ।



*चित्र नं. ५ सामुदायिक बगैचामा आबद्ध भएका समुहका सदस्यहरु सामुदायिक बगैचामा काम गर्दै*

### ४.१ सामुदयिक बगैचा स्थापना गर्नुको उदेश्यहरुः

- ✓ विभिन्न जातहरुको फलफूलहरु लगाइ, फलफूलमा समुदाय आफैले खोज अनुसन्धान गरी उत्कृष्ट जातको छनौट गर्न ।
- ✓ फलफूलखेति सम्बन्धी आवश्यक ज्ञान र सिपमा समुदायको क्षमता विकास गर्न ।
- ✓ विभिन्न बोटबिरुवा तथा डाले घाँसको बिरुवा उत्पादन गरी खालि क्षेत्रमा बृक्षारोपन प्रबर्धन गर्न र बृक्षारोपन गर्नुपर्छ भन्ने भावनाको बिकास गर्न ।
- ✓ फलफूलको बिरुवा उत्पादन गर्न ।
- ✓ फलफूल तथा अन्य बोटबिरुवाको भरपर्दो स्रोतको स्थापना गर्न ।

### ४.२ बगैचाको सञ्चालन तथा हेरचाहः

यस सामुदायिक बगैचाको सञ्चालन तथा हेरचाह सामुदायिक खाद्य सुरक्षा तथा सशक्तिकरण परियोजना अन्तर्गत गठन गरिएका पहाडा माथिगाउँ र तलिगाउँका जम्मा ४ वटा समुहले गर्दछन ।

### ४.३ सामुदायिक बगैचामा हालसम्म सम्पन्न गरिएका क्रियाकलापहरुः

#### ❖ फलफूल खेति तथा नर्सरी व्यवस्थापन सम्बन्धी समुदायलाई तालिम

स्थापना गरीएको सामुदायिक बगैचाको सञ्चालन तथा हेरचाह गर्ने ४ वटा समुहहरुलाई फलफूल खेति तथा नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ । यो तालिम परियोजनाका सामाजिक परिचालक र सामुदायिक सहजकर्ताहरुले प्रदान गरेका हुन ।

#### ❖ फलफूल खेति तथा नर्सरी व्यवस्थापन सम्बन्धी समुदायलाई तालिम

सुरुमा लालझाडी सामुदायिक वन उपभोक्ता समुहसंग समन्वय गरेर लालझाडी सामुदायिक वनमा उपलब्ध काँडे सल्लाको प्रयोग गरी समुदायको सहभागितामा घेराबार गरिएको थियो भने पछि काँडे तारले घेराबार गरिएको छ । साथै बगैचाको वरीपरी टिमुरको बिरुवा रोपेर जीवित बार पनि निर्माण गरिएको छ ।

#### ❖ पानी व्यवस्थापन

एक क्वायल पाइपलाई समुदायको सहभागितामा गाडेर नजिकै रहेको सामुदायिक धाराबाट सिचाईको लागि पानीको व्यवस्थापन गरीएको छ ।

#### ❖ फलफूलको बिरुवा रोपन

पहिलो चरणमा कुल ४० वटा विभिन्न फलफूलका बिरुवाहरु लगाईको छ जसको विस्तृत विवरण यसप्रकार छ;

| क. स. | फलफूलको नाम | जात | संख्या | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | ओखर | थिन शेल | ७ | |

| क्र. स. | फलफूलको नाम | जात | संख्या | कैफियत |
|---|---|---|---|---|
| २ | हलुवावेद | फुयु जापानिज | ९ | |
| ३ | कागजी बदाम | ननपारेल | १० | |
| ४ | स्याउ | रेड जुन | ७ | |
| ५ | नास्पती | अन्जउ | ७ | |
| जम्मा | | | ४० | |

*तालिका नं. ४ सामुदायिक बगैचामा रोपिएका विरुवाहरुको विवरण*

## ५. विद्यालय करेशाबारी स्थापना



*चित्र नं. ६ विद्यालय करेशाबारी*

वडा नं. १ मा १ वटा र वडा नं. २ मा १ वटा गरि जम्मा २ वटा विद्यालय करेशाबारीहरु स्थापना भएका छन् । सरस्वति निम्न माध्यामिक विद्यालय स्याँला, महादेव आधारभूत विद्यालय रोकाजामा करेशाबारी स्थापना गरिएको छ । विद्यालयमा करेशाबारी स्थापना गर्नुको मुख्य उदेश्यहरु यसप्रकार छन;

- ✓ दिवा खाजामा टेवा पुर्याउन
- ✓ सिकाई प्रकृयामा सहजिकरण गर्न
- ✓ विद्यार्थीहरुलाई कृषिको महत्व बुझाउन

### ५.१ विद्यालयलाई प्राविधिक सहयोग

विद्यालयहरुलाई करेशाबारी स्थापना गर्न आवश्यक पर्ने प्राविधिक सहयोग परियोजनाले उपलब्ध गराएको छ । परियोजनाका कर्मचारीहरुले महिनामा १ पटक विद्यालयमा गई प्राविधिक सहयोग गरेका छन् ।

### ५.२ विद्यालयलाई बिऊ तथा सामग्री सहयोग

करेशाबारी स्थापना गरिएका विद्यालयहरुमा आवश्यक बिऊ र सामग्रीहरु पनि सहयोग गरिएको छ।

| क्र. स. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | पाइप | मिटर | १५० | |
| २ | ड्रम (२०० लिटर) | वटा | १ | |
| ३ | फिरफिरे | वटा | १ | |
| ४ | हजारी | वटा | २ | |
| ५ | कोदालो | वटा | १ | |
| जम्मा | | | ४० | |

*तालिका नं. ५ प्रत्येक विद्यालयहरुलाई सहयोग गरिएका सामग्रीहरुको विवरण*

## ६. सामुदायिक स्वास्थ्य केन्द्रमा करेशाबारी स्थापना

वडा नं. १ को खेतमा रहेको सामुदायिक स्वास्थ्य केन्द्रमा एउटा करेशाबारी स्थापना भएको छ । त्यहाँ सुत्केरी भएका महिलाहरुले चाउचाउको नकारात्मक असर बारे थाहा नपाएर बच्चा जन्मिने बित्तिकै चाउचाउ पकाएर खाने भएकोले उक्त अभ्यासलाई निरुत्साहित गरी पोषिलो खाने कुरा खानुपर्दछ भन्ने सन्देश दिन उक्त करेशाबारी स्थापना गरिएको हो । परियोजनाका कर्मचारीहरुको प्राविधिक सहयोगमा स्वास्थ्य केन्द्रका कर्मचारीहरुले र सहयोगीले हेरचाह गर्नेगरी करेशाबारी स्थापना भएको छ ।

## ७. समुदायमा फलफूलको विरुवा वितरण

५६६ घरधुरीहरुमा फलफूल, घाँस र तरकारीका विरुवा गरी जम्मा ४०५७ वटा विरुवाहरु वितरण गरिएको छ । १०० घरधुरीहरुमा कम्तिमा ५ वटा फलफूलका बुटाहरुको सुनिश्चितता गरी खाद्य सुरक्षा तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने लक्ष्यलाई टेवा पुऱ्याउन भनि विभिन्न प्रकारका फलफूल, डाले घाँस र तरकारीका विरुवाहरु वितरण गरिएको हो ।

११० घरहरुले स्याउ, ओखर, हलुवावेद, नस्पाति र आल्मोन्ड गरि जम्मा ५ प्रकारका फलफूलहरु लगाएका छन । यी बिरुवाहरु जनावरी महिनामा समुदायमा वितरण गरिएको थियो । साथै, १७१ घरधुरीहरुले **black beauty seedless** अंगुर लगाएका छन । यी विरुवाहरू कोहलपुरको जय गायत्री नर्सरीहरुबाट खरिद गरि समुदायमा वितरण गरिएको हो । माथि उल्लेखित १०० घरधुरी बाहेक अन्य २५० घरधुरीहरुले ४ वटा विभिन्न फलफूलका विरुवाहरु लगाएका छन ।

| क्र. स. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | कागति | वटा | १६५० | |
| २ | पदम चाल्नो | वटा | ५०० | |
| ३ | टिमुर | वटा | २६७ | |
| ४ | जग्रो | वटा | ५०० | |
| ५ | मौसम | वटा | २८५ | |
| ६ | पागो मेल | वटा | १३३ | |
| ७ | स्याउ | वटा | ११० | |
| ८ | ओखर | वटा | ११० | |
| ९ | हलुवावेद | वटा | ११० | |
| १० | नस्पाति | वटा | ११० | |
| ११ | आल्मोन्ड | वटा | ११० | |
| १२ | अंगुर | वटा | १७२ | |
| जम्मा | | | ४०५७ | |


*तालिका नं. ६ समुदायमा वितरण गरिएको विरुवाहरुको विवरण*

## ८. फलफूलमा काटछाँट, तालिम र प्रसार अभियान

समुदायमा फलफूलमा काँटछाँट, तालिम र प्रसार सम्बन्धि ज्ञान र सिपको बिकास गर्न काटछाँट, तालिम र प्रसार अभियान संचालन गरिएको छ । विशेषगरी पतझड फलफुलहरुलाई प्राथमिकतामा राखेर जनावरी महिनामा यो अभियान संचालन गरिएको हो । यस अभियानद्वारा कुल ३०६ घरधुरीहरुमा पुगिएको छ । साथै यस अभियानबाट ६०१ वटा फलफूलहरुमा तालिम तथा काटछाँट र ६४३ **rootstock** मा ९९४ **scion** कलमी गरिएको छ ।



चित्र नं. ७ स्याउमा काँटछाँट गर्दै




चित्र नं. ८ फलफूलमा काटछाँट र तालिम गरेको विवरण


सबैभन्दा बढि काटछाट स्याउमा गरिएको छ भने सबभन्दा कम बदाममा गरिएको छ । किविमा पनि धेरै काटछाँट भएको छ ।

ओखर मा सबैभन्दा धेरै कलमी गरिएको छ । समुदायमा भएका हारे ओखरको **rootstock** मा डोल्पाबाट ल्याइएको दाँते ओखरको **scion** कलमी गरिएको थियो । ओखरपछि आरु र स्याउमा धेरै कलमी गरिएको छ ।




चित्र नं. ९ समुहको सदस्य भोगटेमा काटछाँट

सबैभन्दा धेरै दाँते ओखरको **scion** कलमी गरिएको छ । ओखरपछि आरु र बदाम को **scion** कलमी गरिएको छ ।




*चित्र नं. १० कलमी गरिएका rootstock को विवरण*




*चित्र नं. ११ कलमी गरिएका scion को विवरण*

फलफूलमा तालिम, काटछाँट र प्रसार अभियानमा समुदायका स्रोत व्यक्तिहरु जस्तै; नर्सरी पालक, गाऊँमा पहिले देखि नर्सरी संचालन गरिरहेका व्यक्तिहरुलाई पनि परिचालन गरिएको थियो । वडा नं. १ र २ का कृषि प्रविधिकहरुलाई पनि परियोजनाका कर्मचारीहरुसंगै परिचालन गरिएको थियो ।

समुदायमा जनुभन्दा पहिले परियोजनाका कर्मचारीहरु, स्थानिय स्रोत व्यक्तिहरु र दुबै वडाका कृषि प्रविधिकहरुलाई ३ दिनको तालिम दिइएको थियो । उक्त तालिममा निम्न बिषयवस्तुहरु समावेश गरी माथि उल्लेखित जनशक्तिलाई आवश्यक ज्ञान तथा सिप प्रदान गरिएको थियो ।

- ✓ फलफूलमा काटछाँट र तालिमका बिधिहरु
- ✓ प्रसारका बिधिहरु — ग्रफ्टिङ, लेयरिङ, आदि
- ✓ प्रसारमा मैन र आजर निर्मुलीकरण गर्न रक्सिको प्रयोग ।

## ९. सहभागितात्मक जातिय छनौट बिधिबाट गहुँ र मकैको बिऊ छनौट

परियोजना क्षेत्रको हावापानीमा राम्ररी हुर्कने र उत्पादन धेरै दिने बिऊ छनौट गरी खाद्यन्न बालिको उत्पादन वृद्धि गरेर खाद्य सुरक्षाको सुनिश्चितता गर्ने हेतुले नेपाल कृषि अनुसन्धान परिषदले सिफारिस गरेको गहुँ र मकैका विभिन्न जातहरुको परिक्षण गरी सहभागितात्मक जातिय छनौट बिधिबाट रोग किरा सहन सक्ने, धेरै उत्पादन दिने र खादा मिठो हुने जातहरू छनौट गरिएको छ । यस क्रियाकलापको लागि १० जना कृषकहरु छनौट गरी एकजना कृषककोमा **mother trail** र बाँकी कृषकहरुकोमा **baby trial** गरेर गहुँ र मकैको बिऊ छनौट गरिएको छ । परिक्षणमा राखिएका गहुँको जातहरु डाँफे, खुमल शक्ति, भेरिगंगा, डब्लु. के. १२०४, एन. एल. १४८८, एन. एल. १२२६, एन. एल. ११७९, काटिला, मुनाल र स्वर्गद्वारीमा उत्कृष्ट जातको रुपमा क्रमशः मुनाल, खुमल शक्ति, स्वर्गद्वारी, एन. एल. १४८८, कौटिला र डाँफे छनौट भएका छन् । यसैगरी परिक्षणमा राखिएका मकैका जातहरु पोषिलो मकै - १, मनकामना - ९, जेट. एम. - ६२७, रामपुर कम्पोजिट, अरुण - २ र अरुण - ४ मा मनकामना - ९ छनौट भएको छ । मकैको परिक्षणमा मकै २०*६० सि. एम. को दुरी कायम गरी लगाइएको थियो ।

## १०. कैमा Relay crop को रुपमा कोदो खेति

खाद्यन्न बालिको उत्पादन बढाउने हेतुले मकैमा **relay crop** को रुपमा समुदायको अग्रसरतामा कुल ८३ घरधुरिहरुले कोदो लगाएका छन् । पहाडमा मकै लाइनमा नछर्ने भएकोले मकै बाकलो भइ कोदो राम्रो नभएको पाइयो । कृषकहरुले नयाँ प्रबिधि सहजै ग्रहन नगर्ने भएकोले मकैमा २०*६०



चित्र नं. १३ एक जना किसानले मकैमा relay crop को रुपमा कोदो लगाउदै



*चित्र नं. १२ एक जना कृषक परिक्षणमा राखिएको मकै गोडमेल गर्दै*

सी. एम. दुरी कायम गरी नलगाएकोले कोदो फस्टाएन । तर दुरी कायम गरी लाइनमा मकै लगाएर मकैको तलतिरको पात फालेर कोदो रागाइयो भने राम्रो उत्पादन दिने देखिएको छ ।

## ११. तालिम

सबै २३ वटा समुहमा मकैको बिऊ छनौट बिधि सम्बन्धि एक दिने तालिम दिइएको छ । राम्रो बिऊ छनौट गरी उत्पादनमा वृद्धि गर्ने मुख्य लक्ष्य सहित यो तालिम प्रदान गरिएको छ । यस तालिममा निम्न विषयवस्तुहरु सिकाइएको छ;

- ✓ घोगा बोटको ठीक बिचमा लागेको मकैको बोट छनौट गर्ने ।
- ✓ खेतको सबै ठाँउको प्रतिनिधित्व हुनेगरी बोटको छनौट गर्ने ।
- ✓ निरोगी र किरा नलागेको बोट छनौट गर्ने ।
- ✓ छनौट गरिएको बोटलाई धागोले बाँधेर चिन्ह लगाउने ।
- ✓ मकै भित्र्याउने बेलामा अन्य मकै भित्र्याएर छनौट भएको मकै खेतमा नै छोड्ने ।
- ✓ छनौट गरिएको मकै राम्ररी छिप्पिएपछि मात्र भित्र्याउने ।
- ✓ बिऊको लागि छनौट गरिएको मकै छोडाउने बेलामा टुप्पोतिरको मकै हटाएर बिऊको लागि बिचको मात्र छनौट गर्ने ।
- ✓ मकैको बिऊ भन्डारण हावा नछिर्ने गरी पलाष्टिकको थैलोमा राखेर भण्डारण गर्ने ।
- ✓ बसेको मकैको बिऊ मात्र छर्ने ।

## १२. स्थानिय सरकार, वडा र जिल्ला तहका सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य

### १२.१ पालिका र वडाहरुसंग समन्वय तथा सहकार्य

परियोजना आठबिसकोट नगरपालिका र वडा नं. १ र २ संग समन्वय गरी अनुमति लिएर सुरु गरिएको थियो । परियोजनाको बारेमा पालिका र वडाहरुलाई पनि अभिमुखिकरण गरिएको थियो । आर्थिक वर्ष २०८०/०८१ मा परियोजनाको अर्को चरण सुरुवातमा पनि पालिका र वडाहरुलाइ अभिमुखिकरण गरी परियोजनाले हासिल गरेका उपलब्धिहरु र राम्रा अभ्यासहरुको बारेमा छलफल गरिएको छ ।



*चित्र नं. १४ पालिकासंगको समन्वय बैठक*

## १२.२ परियोजनाले वडासंगको सहकार्यमा सम्पन्न गरेका कामहरु

### ❖ बिऊ बैंकको स्थापना


*चित्र नं १५ वडा नं १ मा बिऊ वैंक सम्बन्धि कार्यशाला*

परियोजनाले वडा नं. १ संगको सहकार्यमा वडा नं. १ को कार्यालयमा बिऊ वैंक स्थापना गरेको छ । रैथाने बिऊहरुको संरक्षण र प्रवर्धन गर्नुका साथै किसानहरुको बिऊमा उनिहरुको पहुच तथा नियत्रणको सुनिश्चितता गर्ने प्रमुख उदेश्यका साथ उक्त बिऊ वैंक स्थापना गरिएको छ । वडाले जग्गा भाडामा लिएर बिऊ वैंक सुरुवात गरेको भएता पनि आवश्यक जनशक्तिको कमिले गर्दा अहिले वडाले समुदायबाट बिऊ संकलन गरी बिऊ वैंकमा भन्डारण गर्ने र समुदायको आवश्यकता अनुसार वितरण गर्ने काम गरिरहेको छ ।

### ❖ फलफूलमा तालिम, काटछाँट र प्रसार अभियान

माथि ८ नम्बरमा उल्लेख गरे अनुसार समुदायमा सम्पन्न गरिएको फलफूलमा तालिम, काटछाँट र प्रसार अभियान वडासंगको सहकार्यमा गरिएको थियो । वडाका कृषि प्रविधिकहरुलाई परियोजनाका कर्मचारीहरुसंग तालिम दिई समुदायमा परिचालन गरेर उक्त क्रियाकलाप सम्पन्न गरिएको हो । यस क्रियाकलापमा वडाको समन्वयमा स्थानिय स्रोत व्यक्तिहरु पनि परिचालन गरिएको थियो ।

### ❖ समुदायमा विरुवा वितरण

माथि ७ नम्बरमा उल्लेख गरे अनुसार सम्पन्न गरिएकोको विरुवा वितरण क्रियाकलापमा वडासंग समन्वय गरी वडाका कृषि प्रविधिकहरुलाई परिचालन गरी सम्पन्न गरिएको थियो ।

### ❖ नर्सरी स्थापनामा टनेल सहयोग

वडा नं. १ ओख्ले एकिकृत नर्सरी स्थापनाको लागि एउटा टनेल सहयोग गरेको छ । वडा नं. १ मा चिसो बढी हुने भएकोले र हिउँ परेर बिरुवामा क्षेति पुर्याउने भएकोले ती समस्याबाट बिरुवा बचाउन टनेल सहयोग गरेको हो ।

## १३. परियोजना कार्यान्वयनको समयमा आएका चुनौतिहरु

### ❖ परियोजना क्षेत्रमा Opium खेति

परियोजना क्षेत्रमा **opium** खेति अत्याधिक बढिरहेको छ । गहुँ छर्ने समयमा नै **opium** छर्ने भएकोले धेरैजसोले गहुँको ठाउँमा **opium** छर्ने गर्दछन । यसले गर्दा गहुँको उत्पादनमा कमि हुन गइ खाद्य सुरक्षामा ठूलो असर गरेको छ ।

❖ **समुदायले छिटो परिणामको आश गर्नु**

अहिले विश्व नै भौतिकवादि भएकोले यसको असर परियोजना क्षेत्रमा पनि देखिएको छ । समुदायले छिटो परिणाम चाहन्छ जुन सम्भव छैन ।

❖ **भत्ताको आश गर्नु**

सानो सानो काम/कार्यक्रम गर्दा पनि समुदाय खाजा भत्ता भएपछि मात्र आउने नत्र नआउने गर्ने अभ्यास धेरै बढिरहेको छ । यसले गर्दा परियोजनाले सोचेजस्तो परिणाम ल्याउन कठिन भइरहेको छ ।

❖ **गुणस्तरीय फलफूलको विरुवा र सायन पाउन गाह्रो छ**

परियोजनाले स्थापना गरेका बहुउदेश्यीय नर्सरीहरुले उत्पादन दिन सुरु नगर्दा सम्म विरुवाहरु बाहिरबाट खरिद गरी ल्याउदा गुणस्तरीय विरुवा पाउन समस्या भएको छ । नर्सरीहरुले अन्य ठाउँबाट किनेर हामीलाई दिनेहुँदा विरुवाको गुणस्तरीयता सुनिश्चित गर्न गाह्रो छ । एउटा जात भनेको अर्को पर्ने सम्भावना धेरै देखिएको छ ।

❖ **सामग्रीहरुको ढुवानीमा समस्या**

परियोजना क्षेत्र बिकट र कच्ची बाटो भएको कारणले बर्खाको समयमा बाटो बन्द हुने हुँदा सामग्रीहरु समयमा पुर्‍याउन ठूलो चुनौति छ ।

## १४. परियोजना कार्यान्वयनको समयमा भएका सिकाईहरु

❖ **विरुवा रोप्ने समय**

परियोजनाले पतझड विरुवाहरु डिसेम्बर महिनामा वितरण गर्ने र रोप्ने योजना बनाएको थियो तर परियोजना क्षेत्रमा विरुवा जनवरीमा रोप्दा उपयुक्त हुनेरहेछ । डिसेम्बरको योजना जनावरीमा सारेर विरुवा रोपण क्रियाकलाप सम्पन्न गरिएको थियो ।

❖ **फलफूलमा तालिम, काटछाँट र प्रसारमा स्थानिय स्रोत व्यक्ति परिचालन**

फलफूलमा तालिम, काटछाँट र प्रसारमा परियोजनाले स्थानिय स्रोत व्यक्तिहरु, नर्सरी पालकहरुलाई परिचालन गरेकोले समयमा नै यो क्रियाकलाप सम्पन्न भएको थियो साथै सफल पनि भएको हुँदा यसरी स्थानिय स्रोत व्यक्ति परिचालन गर्दा कार्यक्रमको प्रभावकारीता बढ्ने रहेछ ।

❖ **निरन्तर** follow up **र अनुगमन**

समुदायमा सम्पन्न गरिएका क्रियाकलापहरुको निरन्तर **follow up** गरेन भने समुदायले लापरबाहि गरेर हासिल गरेका उपलब्धिहरु पनि हराउँदै जाने हुनेरहेछ । त्यसैले सम्पन्न भएका क्रियाकलापहरुको पनि निरन्तर **follow up** र अनुगमन गर्दा प्राप्त गरेका उपलब्धिहरुको दिगोपनाको सुनिश्चता हुन्छ ।

## १५. अनसूचीहरू

*अनुसूची १ -*

***सफलताको कथा***

# समुदायको भरपर्दो स्त्रोत व्यक्ति



*चित्र नं. १६ पैले घर्तिको नर्सरी*

५३ वर्षका पैले घर्ति आठबिसकोट नगरपालिका वडा नं. १ स्यालाका बासिन्दा हुन । उनको श्रिमति, २ छोरा र १ छोरी गरी जम्मा पाँच जनाको परिवार छ । पेशाले उनि कृषक हुन । उनले बिशेष गरि मकै, गहुँ, आलु र कोदोको खेति गर्दछन भने कुखुरा, गाई र घोडा पनि पालेका छन । उनको खास चासो फलफूल खेतिमा भएकोले आफ्नो घरमा विभिन्न फलफूलहरु जस्तै; स्थानिय आरु, पलम, हलुवावेद, कागति, भोगटे, टिमुर लगाएका छन। जानि-नजानि भएपनि कलमी गरेर विरुवा प्रसार पनि गर्दथे तर त्यति सफल भएका थिएनन ।

ऊनको फलफूल खेतिमा निकै लगाव देखेर स्थानियहरुको निर्णय अनुसार ऊनलाई परियोजनाले छनौट गरी नर्सरी स्थापनाको लागि सहयोग गरेको थियो । परियोजनाले ऊनलाई सुरुमा नर्सरी व्यवस्थापन सम्बन्धि ५ दिने तालिम दियो । उक्त तालिममा सिकेका कुराहरुको आधारमा र परियोजनाको थप प्रविधिक, आर्थिक सहयोगमा ऊनले नर्सरी स्थापना गरे । परियोजनाले उनलाइ पानी व्यवस्थापनको लागि २ क्वायल पाइप, विभिन्न नर्सरी औजरहरुको साथै mother plant लागि स्याउ, एभोकाडो, ब्लुबेरी, आल्मोण्ड, हलुवावेद, खुर्पानि, नस्पाति, चेरी, पेक्यानट, अंगुर, आरु र कागतिका विभिन्न जातहरुको विरुवा पनि सहयोग गर्यो । उनले स्थानिय आरु, हाडे ओखर, मेल, पैयु आदिको बिऊ संकलन गरेर rootstocks उत्पादनको लागि नर्सरीमा बेर्ना पनि जमाए भने बिजु बिरुवाको लागि स्थानिय कागति, टिमुर, भोगटे, मौसम आदिको बिऊ संकलन गरी बेर्ना जमाए । परियोजनाको सहयोगमा नर्सरीको नाम बहुउदेश्यीय नर्सरी राखि साना तथा घरेलु उद्योग कार्यालयमा दर्ता पनि गरेका छन् । यस आर्थिक वर्षमा जम्मा रु. २५,००० को कागति, टिमुर, भोगटे, मौसमको बिरुवा बिक्रि गरेका छन् भने mother plants को रुपमा लगाएका फलफूलहरु पनि फल्न सुरु गरेकोले आगामी हिउँद महिनामा नर्सरीमा तयार भएका

rootstock मा कलमी गरि बिरुवा प्रसार गर्ने योजना बनाएका छन् । आगामी वर्षमा ओखरको १५०, टिमुरको, ४००, आरुको २००, कागतिको ५००, नस्पातिको १००, खर्पानिको १००, चेरीको १००, पलमको २००, आमिलोको ५०, हलुवावेदको १०० र बदामको १०० गरी कुल २००० बिरुवा उत्पादन गर्ने उनको योजना योजना छ । साथै डाले घाँसको १००० विरुवा उत्पादनको लागि किमु र तुसारोको विरुवा cutting विधिबाट पनि प्रसार गरेका छन र रायो साग, मुला, गाँजर, धनिया, खुर्सानी, प्याज र काउलीको बिउ पनि उत्पादन गर्ने लक्ष्य राखेका छन् । उनले अहिले नर्सरी व्यवस्थापन सम्बन्धि आवश्यक ज्ञान र सिप जानेका छन् भने गाउँमा पनि बिरुवा कलमी, काटछाँट, तालिम र अन्य प्रविधिक सहयोगको लागि उनलाई नै बोलाउने गर्दछन् । यसरी आफुलाई समुदायमा भरपर्दो स्रोत व्यक्तिको रुपमा स्थापित गर्न सफल भएका छन । "परियोजनाको सहयोगको कारणले नर्सरी पनि स्थापना गरियो र फलफूल खेति सम्बन्धि आवश्यक ज्ञान र सिप पनि सिकियो त्यसैले परियोजनालाई धेरै धन्यबाद छ" — उनले भन्दछन ।

## *अनुसूची २ – सूचकहरुमा आधारित परियोजनाको उपलब्धिहरुको सारांश*

| क्र. स. | सूचकहरु | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|---|
| १ | कम्तिमा ५ प्रकारका तरकारी संख्या सहित व्यवस्थित करेशाबारी भएको घरधुरीहरुको संख्या | ४०० | ४०५ | |
| २ | कम्तिमा ५ प्रकारका फलफूलको बुटा भएको घरधुरीहरुको संख्या | १०० | ११२ | |
| ३ | बहुउदेश्यीय नर्सरीहुरुको संख्या | ४ | ४ | |
| ४ | कम्तिमा ५ प्रकारका तरकारी र ७ प्रकारका फलफूलको संख्या भएका विद्यालय करेशाबारीहरुको संख्या | ५ | २ | विद्यालयहरुको आफ्नै जग्गा नभएकोले ३ वटा विद्यालय करेशाबारी स्थापना गर्न सकिएन । |
| ५ | कम्तिमा पनि ७ प्रकारका फलफूल भएको सामुदायिक बगैचाको संख्या | १ | १ | |
| ६ | अन्न बालिमा कम्तिमा पनि २ वटा पर्यावरणीय कृषिका अभ्यासहरु अभ्यास गरेका घरधुरीहरुको संख्या | १०० | ८३ | नयाँ प्रबिधि समुदायले सजिलै ग्रहन नगर्ने भएकोले लक्ष्य पुरा हुन सकेन । |
| ७ | कृषकहरुले सहभागितात्मक जातिय छनौट बिधिबाट छनौट गरेको बिऊहरुको संख्या | ३ | ४ | |
| ८ | खेति गरिरहेको प्रमुख अन्न बालिमा अर्को एउटा नयाँ बालि मिश्रित बालिको रुपमा खेति गरी उत्पादन वृद्धि गरेका घरधुरीहरुको संख्या | १०० | ८३ | नयाँ प्रबिधि समुदायले सजिलै ग्रहन नगर्ने भएकोले लक्ष्य पुरा हुन सकेन । |
| ९ | पालिका र वडासंग पर्यावरणीय कृषि सम्बन्धि सम्पन्न गरेको छलफल, कार्यशलाको संख्या | ४ | ४ | |
| १० | पैरवी गरिएको बिषयमा छुट्याइएको बजेट संख्या | २ | २ | |

*तालिका नं. ७ सूचकहरुमा आधारित परियोजनाको उपलब्धिहरुको सारांश*

## अनुसूची ३ – परियोजनाबाट लाभान्वित संख्याको विवरण

| विवरण | कुल लाभान्वित संख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | जनजाति | | खस/आर्य | | थरू/मधेशी | | जम्मा | | |
| | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | जम्मा पुरूष | जम्मा महिला | कुल |
| परियोजना क्षेत्रको जम्मा जनसंख्या | ४३४ | ४०५ | ११० | १०२ | १२३० | ११५० | | | १७७४ | १६५७ | ३४३१ |
| लक्षित लाभान्वित संख्या | ३९७ | ३६५ | ८३ | ९१ | १०५९ | ९७७ | | | १५३९ | १४३३ | २९७२ |
| जम्मा लाभान्वित संख्या | १८८ | २०३ | ११३ | ९१ | ६०६ | ५८३ | १ | | ९०८ | ८७७ | १७८५ |
| नयाँ लाभान्वित संख्या | ३ | ० | ४ | ० | २४ | ७ | ० | | ३१ | ७ | ३८ |
| परियोजना क्षेत्रको जम्मा घरधुरी संख्या | १४५ | | ४३ | | ४१७ | | | | ६०५ | | |
| जम्मा लाभान्वित घरधुरी संख्या | १४१ | | ३९ | | ३८५ | | | | ५६५ | | |
| नयाँ लाभान्वित घरधुरी संख्या | ० | | ० | | ५ | | | | ५ | | |

*तालिका नं. ८ परियोजनाबाट लाभान्वित संख्याको विवरण*

## *अनुसूची ४ - फोटोहरू*



*चित्र नं. १६ फलफूलमा काटछाँट, तालिम र प्रसार अभियानमा कलमी गरिएको ओखर र स्थानिय स्रोत व्यक्ति समुदायका व्यक्तिहरुसंग अभियानको बारेमा कुरा गर्दै ।*



चित्र नं. १७ समुहका सदस्यरहरु परियोजनाले स्थापना गरेको नर्सरीहरुमा उत्पादन भएको पदम चाल्नो र जग्रो सागको विरुवा घरमा लगाउनको लागि लिँदै । पदम चाल्नो परियोजना क्षेत्रको लेकमा पाइने एक प्रकारको औषधीय गुण भएको सानो बिरुवा हो । यसको जरालाई चियापत्तिको रुपमा प्रयोग गरिन्छ भने डाँठबाट अचार बनाएर खाइन्छ । जग्रो एक प्रकारको साग हो ।

# परीयोजनाको परिचय -२

| परियोजनाको नाम | सामुदायिक रुपान्तरण परियोजना<br>Community Transformation Project Rukum (East) | | |
|---|---|---|---|
| परियोजनाको कार्यक्षेत्र | भुमे र पुथा उत्तरगंगा गाउँपालिका | | |
| साझेदारी संस्था | यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टर | | |
| परियोजनाको अवधि | सन जुलाई ,२०२३ देखि जुन,२०२४ सम्म | | |
| | बार्षिक बजेट | अवधि | खर्च |
| बार्षिक बजेट (अंग्रेजी महिना अनुसार) | रु,२९७०००००।०० | जुलाई देखि डिसेम्वर,२०२३ | रु,१४८५००००।०० |
| | रु,१,८६,१२७००।०० | जनवरी देखि जुन, २०२४ | रु, ८२,९८१४९।०० |
| कुल जम्मा रु, | | | |
| परियोजनाको परिचय | नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) र यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टर सँगको साझेदारीमा संचालित सामुदायिक रुपान्तरण परियोजना रुकुम पूर्व जिल्ला भुमे र पुथा उत्तरगंगा गाउँपालिकामा सन २०२१ देखि हाल सम्म नियमित सञ्चालनमा रहेको छ । यस परियोजनाको लक्षित समुदाय मानसिक स्वास्थ्य समस्या भएका ब्यक्ति, महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति र अति गरिव विपन्न समुदाय हुन । परियोजनाको लक्ष्य रुकुम पूर्वमा रहेका गरीव र सिमान्तकृत समुदाय विशेष गरी मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुले स्वस्थ र सम्मानजनक जिवन बाँचिरहेका हुनेछन् भन्ने लक्ष्यका साथ रुकुम पूर्वको भुमे र पुथा उत्तरगंगा गाउँपालिका भित्र परियोजना सञचालनमा रहेको छ । परियोजनाको लक्षित समुदाय महिला ६१०१ जना र पुरुष १४९१ गरी जम्मा ७५९२ जना प्रत्यक्ष लाभाम्वित भएका छन् । | | |
| परियोजनाको लक्षित समुहहरु | मानसिक स्वास्थ्य समस्या भएका ब्यक्ति, दलित, महिला, एक महिला पुरुष, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, अति गरीव र विपन्न समुदाय हुन । | | |
| परियोजनाका सरोकारवालाहरु | सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका, स्वास्थ्यकर्मी, शिक्षक, बाल क्लब, धार्मिक/सामाजिक अगुवा, विद्यालय, स्वास्थ्य संस्था, स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति, न्यायिक समिति, वडा कार्यालय र गाउँपालिका कार्यालय आदि . | | |
| परियोजनाको विषयगत क्षेत्र | ○ मानसिक स्वास्थ्य<br>○ स्वास्थ्य प्रणाली सुधार | | |

- जिविको पार्जन
- संरक्षण
- शुसासन


| | |
|---|---|
| परियोजनाको लक्ष्य | रुकुम पूर्वमा गरिब र सीमान्तकृत समुदाय विशेषगरी मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुले स्वस्थ र सम्मानजनक जीवन बाचिरहेका हुनेछन् । स्थानीय समुदायका लागि पहुँच योग्य आधारभूत मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने महामारीको पुर्व तयारी सहित स्थानीय स्वास्थ्य प्रणाली सुदृधिकरण तथा गुणस्तर सेवा प्रदान गर्न सक्षम बनाउने । |
| परियोजनाको मुख्य उद्देश्यहरु | (१) समुदायको विपन्न महिला र पुरुषको आय स्तर बढाउने । सिमन्कृतसमुदायको जीवन स्तर सुधारको लागि स्थानीय संथाहरुलाई उत्तरदायी बनाउन समुदायले सार्वजनिक निर्णयहरुमा प्रभाव पर्ने । साझेदार संस्था र समुदायले हानी गर्ने परम्परागत अभ्यासहरु (बाल बिवाह, बहु बिवाह, लैंगिक हिंसा,विभेद, सुरुवातको गर्भधारण) लाई परिवर्तन गर्न अग्रसरता लिने । |

# २. परियोजनाका मुख्य उपलब्धिहरु :

## २.१ मानसिक स्वास्थ्य टेलि मेडिसिन Virtual सुपारीभेक्षण NHTC Modules (1 and 2)

मानसिक अस्पताल पाटनका बरिष्ठ मनोरोग विशेषज्ञ डा. बासुदेव कार्की द्धारा भुमे र पुथा गाउँपालिका स्वास्थ्य संस्थाहरुको सहजिकरणमा परियोजना बाट आयोजना गरिएको मानसिक स्वास्थ्य शिविर बाट पहिचान भएका महिला ३५ जना र पुरुष ९ जना गरी जम्मा ४४ जना विरामीहरुलाई निशुल्क स्वास्थ्य जाँच गरी स्वास्थ्य कर्मीको सल्लाह अनुसार निरन्तर रुपमा औषधी सेवन गरिरहेका छन् । जसमा १८ जना स्वास्थ्य कर्मीहरुले उपचार पद्धति बारे ज्ञान प्राप्त गरी मानसिक स्वास्थ्यका विरामीहरुलाई नियमित रुपमा सेवा प्रवाह गरेका छन् ।





## २.२ स्वास्थ्यसंग सम्बन्धि दिवसहरु मनाउने कार्यक्रम- मानसिक स्वास्थ्य दिवस 10 October, आत्मा हत्यारोकथाम दिवस 10 September, महिला स्वयम् सेविका दिवस 5 December, आदि ।

परियोजना बाट ६९ जना महिला स्वास्थ्य स्वयम् सेविकद्वारा समुदाय स्तरमा मानसिक स्वास्थ्य सेवा, बाल स्वास्थ्य र सुरक्षित मातृत्व सेवा, परिवार योजना सम्बन्धि व्यवहार परिवर्तन,जनचेतना तथा परिचालन गरि ३०८ जना सेवाग्राहीहरूस्वास्थ्य सेवाको पहुँचमा आएको छन् । साथै मानसिक स्वास्थ्य समबन्धि विभिन्न दिवस जस्तैबिश्व आत्महत्या रोकथाम दिवस, विश्व मानसिक दिवस, विश्व स्तनपान सप्ताह, बिद्यालयमा अन्तरक्रिया तथा समुदायमा सडक नाटकजनचेतनामूलक कार्यक्रम साथै अन्तरास्ट्रिय बाल बिकास कार्यक्रम अन्तर्गत बाल स्याहार सम्बन्धि सत्र (८ पटक ) संचालन, बाल











स्याहार, सकारात्मक परिबर्तन, नकारात्मक बानि व्यवहारमा सुधार गर्ने उपाय, मानसिक स्वास्थ्य बारे ४७१ जना जानकार भई समुदायमा सचेतना मुलक कार्यक्रम गर्न र व्यवहार परिवर्तनमा सहभागी भएका छन् ।

## २.३ मानसिक स्वास्थ्य शिविर





जिल्ला स्वास्थ्य कार्यालय रुकुम पूर्व, जिल्ला अस्पाताल रुकुम पूर्व, भुमे र थुथा उत्तरगंगा गाउँपालिका समन्वयमा जिल्ला स्तरीय विशेषज्ञ मानसिक स्वास्थ्य शिविरमा ४५६ जनाले सेवा प्राप्त गरेका छन् । कार्यक्षेत्रका स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य प्रणाली र सेवाहरुको गुणस्तर सुधारका लागि १५ वटासंस्था हरुमा कार्ययोजनाको आधारमा स्वास्थ्य सामाग्रीहरु जस्तै प्रसुती बेड, बेबी वार्मर, ओटोक्लाभ, स्ट्रेचेर, व्हील कुर्सि, मानसिक स्वास्थ्य औषधी आदि । २८ जना स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य तथ्यांक गुणस्तर सुधार तथा व्यवस्थापन सम्बन्धि क्षमता विकास साथै न्युनतम सेवा मापदण्ड र नियमित तथ्यांक गुणस्तर प्रणाली परिक्षणमा प्राविधिक सहयोग भई गुणस्तर सेवा र रेकोर्डिंग रिपोर्टिंगमा सुधार आएको छ ।

यस परियोजनाले कार्यक्षेत्रका लक्षित समुदायहरु जस्तै मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति / समुदायका अति गरिब तथा विपन्न परिवारको सामाजिक-आर्थिक स्थिति सुधार गर्दै मर्यादित जीवन यापन गर्न सहयोग पुर्याएको छ । यस परियोजना मार्फत ३५ जना स्वास्थ्यकर्मीहरु मानसिक स्वास्थ्य तथा मनोसामाजिक प्राथमिक उपचार तथा परामर्श सेवा सम्बन्धि क्षमता विकास र स्थलगत सुपरिवेक्षण सहयोगबाट समुदायका ५९७ जना आधारभूत मानसिक स्वास्थ्य सेवाको बारेमा जानकारी प्राप्त गरि थप सेवा उपयोग गरेका छन् ।

## २.४ स्वास्थ्य संस्था, विद्यालयमा र समुदायमा आय आर्जन सहयोग

सामुदायिक रुपान्तरण परियोजना अन्तर्गत ६ वटा स्वास्थ्य संस्था र ३ वटा सामुदायिक विद्यालयहरुमा शुद्ध खानेपानी तथा सरसफाइका लागि शौचालय तथा बालमैत्री धारा तथा २ वटा स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्य सम्बन्धि प्रामर्श कक्ष १ वटा स्वास्थ्य चौकीमा खाने पानी ट्याङकी तथा विद्युति मर्मत सम्भार कार्यका साथै आधारभुत स्वास्थ्य सेवा केन्द्रमा पलासेन्टा पिट निर्माण र मर्मत सम्भार कार्य सम्पन्न भएको छ । सामुदायिक विद्यालयहरुमा शुद्ध खानेपानी तथा सरसफाइका लागि शौचालय तथा बालमैत्री धारा निर्माण प्रश्चात ६८६ जना बालबालिका तथा समुदायका व्याक्तिहरु र बिरामीहरु लाभान्वित भएका छन् । समुदायका ६५ जना गरिब विपन्न तथा मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तीहर र उनीहरुका घरपरिवार परिवारहरुले आय आर्जनमा सहयोग, गोठ सुधार, र आधुनिक कृषि सम्बन्धि तालिम तथा सामग्री प्राप्त गरि कृषि पेशामा सक्रिय रुपमा आवद्द भएका छन् । थप आय आर्जनमा सहयोगले गर्दा आर्थिक अबस्थामा बृद्धि भएको छ जसले गर्दा घर परिवार चलाउन सहज भएको छ ।

## २.५ आमा समूह सदस्यहरु र महिला स्वास्थ्य स्वयम्सेविकासंग मानसिक स्वास्थ्य, गर्भवती सुत्केरी स्याहार, मद्यपान (रक्सि सेवन)विरुद्ध सामुदायिक पहल आदिका बारे अन्तरक्रिया

परीयोजना कार्यक्षेत्रमा रहेका ११६ जना समुदायका मानिसहरु र सरोकारवालाहरुले हानिकारक परम्परागत अभ्यासहरु विरुद्द अग्रसर भई लैंगिक समानता प्रवर्दन गर्नुका साथै २६० जना लक्षित स्थानीय जनप्रतिनिधि र समुदायहरु स्थानीय तहको योजना तर्जुमा र सुचनाको हक, अधिकार सम्बन्धि क्षमता विकास र सहयोग प्राप्त गरेका छन् । थप मद्यपान (रक्सि सेवनले गर्दा मानसिक स्वास्थ्यमा असर गर्ने जानकारी प्रदान गरेका छन् ।

## २.६ मानसिक स्वास्थ्य सम्बन्धि शिक्षकहरुलाई तालिम (किशोरकिशोरी, बिद्यालय स्तरीय मानसिक स्वास्थ्य तथा CIDT प्रयोग)-क्षेत्रगत बिद्यालयहरु

परियोननाले भूमे गाउँपालिका तथा पुथा उत्तरगंगा गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयमा ११ वटा विद्यालयमा मानसिक स्वास्थ्य सम्बन्धित कार्यक्रम संञ्चालन गरी कक्षा ८ देखि १० कक्षा सम्मका माध्यमिक जम्मा ३३० जना छात्र छात्राहरुले मानिसक स्वास्थ्यको बारेमा जानकारी

प्रदान गरी आफ्नो घर तथा विद्यालयमा मानसिक स्वास्थ्य सम्वन्धी हुन सक्ने जोखिम तथा तनाव ब्यवस्थापनमा गर्न सक्षम भएका छन् ।





भूमे गाउँपालिका वडा नं १ देखि ९ वडा र पुथा गाउँपालिका वडा नं ७ ८ १२ र १४ वडा १५ पटक समुदायमा सममुहमा मानसिक स्वास्थ्य समस्या भएका सेवागांही लाई पहिचान गर्नका CIDT कार्ड सम्बन्धि अभिमुखिकरण कार्क्रम संञ्चालन गरी जम्मा ५९० जना जसमा पुरुष पूरुष १४० जना जम्मा ४५० जनाले CIDT बारेमा जानकारी प्रदान गरेका छन् । केही ब्यक्तीहरुले आफुले जानेका ज्ञान सिप समुदायका अन्य ब्यक्तीहरुले जानकारी गर्ने गरेका छन् ।

## २.७ स्वास्थ्य आमा समूहहरु र समुदायमा रहेका हेरचाह समूहका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य सँग केन्द्रित International Child Development Program (ICDP) Sessions हरु संचालन / अन्तर्राष्ट्रिय वाल विकास कार्यक्रम

स्वास्थ्य आमा समूहहरु र समुदायमा रहेका हेरचाह समूहका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य सँग केन्द्रित International Child Development Program (ICDP) Sessions हरु संचालन / ८ वटा समुहका ९६ जना सहभागीहरुले बालबालिककाहरु लाई सो हेरचाह सम्बन्धि जानकारी पाई आफ्ना बालबालिकाहरुलाई घरमा हेरचाह, समयमै विद्यालयमा पठाउने र बालबालिकाहरुको इच्छा चाहना अनुसार दैनिक क्रियाकलापहरुमा सहभागी गराउने गरेका छन् । जसले गर्दा बालबालिका घरमा नियमित पठन पाठन गर्ने र सिकाई दरमा बृद्दि भएको पाईएको छ ।










## २.८ मानसिक विरामीहरुका लागि औषधी तथा नसर्ने रोग तथा मानसिक स्वास्थ्य रजिष्टर सहयोग ।

भूमे र पुथा उत्तरगंगा गाउँपिलकामा मानिसक स्वास्थ्य सम्बन्धित ३६ प्रकारका औषधि र १७० पीस नसर्ने रोग तथा मानसिक स्वास्थ्य रजिष्टर गाउँपालिका स्वास्थ्य शाखा हस्तान्तरण गरिएको ५ जसले गर्दा मानसिक समस्या भई पहिचान भएका ४५६ जना नियमित औषधी सेवन गर्ने विरामीहरुलाई औषधी नजिकको स्वास्थ्य संस्थाबाट प्राप्त गर्न सहज भई स्वास्थ्यमा सुधार भएको छ । भूमे र पुथा उत्तरगंगा गाउँपालिका भित्र रहेका ८ वटा स्वास्थ्य चौकीहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य रजिष्टर सहयोग गरिएको छ जसले गर्दा मानसिक समस्या भएका विरामीहरुको तथ्यांक अभिलेखिकरण गर्न सहज भई मानसिक स्वास्थ्य समस्या भएका सेवाग्राहीहरु तथा मानसिक स्वास्थय विरामीहरुको उपचार गर्न सहज भएको छ ।






## २.९ मानसिक स्वास्थ्य परामर्श कक्ष निर्माण

भुमे गाउँपालिका वडा नं ३ मोराबाङ स्वास्थ्य चौकी र वडा नं ४ काँडा स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्य परामर्श कक्ष निर्माण गरिएको छ । जसले गर्दा मानसिक समस्या भएका विरामीहरु आफ्नो मानसिक स्वास्थ्य समस्या खुलेर राख्न सक्ने र केही समय परामर्श सेवा कक्षमा आराम गर्न सहज भई स्वास्थ्य कर्मी सँग खुलेर बोल्न सक्ने आफ्नो समस्या सजिलै बताउन सक्ने र केही विरामीहरु सुत्केरी आमा पनि आउने भएकाले बच्चालाई स्तनपान गराउन सहज भई विरामीहरुले नियमित मानसिक स्वास्थ्य सम्वन्धी परामर्श सेवा पाउने गरेका छन् ।










भूमे गाउँपालिका वडा नं ६ महत स्वास्थ्य चौकीमा सुत्केरी कक्षमा टायल बिछ्याउने काम सम्पन्न गरी रंङरोगन तथा मानसिक स्वास्थ्य खोप सेवा ए एन सी पि एन सि चेक जाँचको बारेमा भित्तेलेखन रीएको छ । जसले गर्दा मानसिक स्वास्थ्य सेवाको बारेमा जानकारी मुलक सन्देश प्रदान गरीएको छ ।

## २.१० खाने पानी ट्याङ्की निर्माण तथा विद्युतिय मर्मत सम्भार

भूमे गाउँपालिका वडा नं ९ चुन्बाङ स्वास्थ्य चौकीमा खाने पानी टयाङकी निमार्ण तथा विद्युति मर्मत गरीएको छ । जसले गर्दा स्वास्थ्य संस्थामा आउने सेवाग्रीहीहरु तथा स्वास्थ्य कर्मीहरु लाई शुद्ध खाने पानी पिउँन सहज भएको छ । विद्युतिय मर्मत प्रश्चात स्वास्थ्य चौकीमा २४ घटै सुत्केरी सेवाका साथै आकस्मीक सेवा प्रबाह गर्नका लागी सहज भएको छ ।

## २.११ विद्यालयमा मानसिक स्वास्थ्य सेसन सञ्चालन

भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकामा १२ वटा माध्यमिक विद्यालयमा मानसिक स्वास्थ्य सम्बन्धि ६ वटा सेसन संञ्चान गरी १२ वटा माध्यमिक विद्यालयका कक्षा ८ देखि १० कक्षाका सम्मका ३६० छात्र छात्राहरुलाई मानिसक स्वास्थ्य सम्बन्धी उदानसिनता छारेरोग चिन्ता तनाब ब्यबस्थापनको बारेमा सेसनमा छलफल गरी मानसिक स्वास्थ्यको बारेमा जानकारी प्रदान गरी घर परिवारका सदस्यहरु लाई मानसिक स्वास्थयको बारेमा जानकारी प्ररदान गर्ने गरेको पाईएको छ ।





## २.१२ मनोसामाजिक परामर्श समुहको गठन, पुर्नगठन

भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकामा १२ वटा मनोसामाजिक प्ररामर्श समुह गठन गरीएको छ जसमा १८० जना मानसिक स्वास्थ्य समस्या भएका सेवा ग्राहीहरुको आवद्ध रहेका छन् । मानसिक स्वास्थ्यको बारेमा नियमित छलफल गर्ने गरीएको छ । जसले गर्दा आफ्नो समस्याको बारेमा खुलेर बोल्ने अन्य समुदायका सदस्यहरु लाई मानसिक स्वास्थ्य बारेमा जानेका ज्ञान सिपहरु जानकारी प्रदान गर्ने गरेका छन् ।

## २.११ मानसिक स्वास्थ्य सम्या भएका ब्यक्तीहरुको घर दैलो भेटघाट कार्यतक्रम ।

भूमे गाउँपालिका वडा नं १ देखि ९ वडा र पुथा उत्तरगंगा गाउँपालिका ७ ८ १२ र १४ वडाममा मिहना पिच्छे मानसिक स्वास्थ्य समस्या भएका सेवा ग्राही हरु लाई घर घरमा गएर सम्बन्धित स्वास्थ्य चौकीका स्वास्थ्य कर्मीहरु साथमा लिई बिरामीका अभिभावक सहित साथमा

राखि मानसिक स्वास्थ्यका बारेमा सल्लाह सुझाब साथ जानकारी प्रदान गर्ने काम गरीएको छ । जसले गर्दा मानसिक स्वास्थ्य समस्या समयमा र छिटो सञ्चो हुनमा सहयोग पुगेको छ ।





## २.१४ स्वास्थ्य संस्था संञ्चालन तथा ब्यबस्थापन समितिका पदाधिकारीहरु लाई २ दिने क्षमता अभिबद्धि तालिम

भुमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकाका ८ वटा स्वास्थ्य चौकीका महिला र पुरुष जम्मा ९६ जना स्वास्थ्य ब्यबस्थापन समितिका पदाधिकारी तथा स्वास्थ्य संस्था कर्मचारीहरुको सहभागीतामा दुई दुई दिने तालिम संञ्चालन गरीएको छ । तालिम प्रश्चात स्वास्थ्य संस्था बाट पाईने स्वास्थ्य सेवाको बारेमा जानकारीका साथै आफ्नो काम कर्तब्य जिम्बेवारीका बारेमा थप जानकार प्रदान गरेका छन् । हाल स्वास्थ्य ब्यबस्थापन समिका पदाधिकारीहरु महिना पिच्छे मासिक बैठक बस्ने परिपाटिको सुरुवात भएको छ ।




## २.१४ RDQA and MSS सम्बन्धि समिक्षा कार्यकक्रम

भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिका ८ वटा स्वास्थ्य चौकीहरुमा RDQA and MSS सम्बन्धि समिक्षा कार्यकक्रम सञ्चालन गरीएको छ जसमा स्वास्थ्य चौकी कर्मचारी स्वास्थ्य ब्यबस्थापन समितका पदाधिकारीहरु महिला पुरुष गरेर १३० जनाकको सहभागीता भएको थियो । यस कार्यक्रम प्रश्चात थप स्वास्थ्य संस्थामा भए गरेका कामहरु रिपार्ट रेकर्डहरु सयम राख्नमा थप सहयोग पुगेको छ र थप स्वस्थ्य संस्थाको तथ्याङ सुधार सहयोग पुगेको छ ।






## २.१५ मानसिक स्वास्थ्य सम्बन्धि स्वास्थ्य आमा समुहका सदस्यहरु महिला स्वास्थ्य स्वयम सेबिकाहरु लाई अभिमुखिकरण कार्यक्रम।

भूमे गाउँपालिका र पुथा उत्तरगंगाउ पालिका ६९ वटा स्वास्थ्य आमा समुहका १७२५ जना समुहका सदस्यहरु लाई महिनाको एक पटक मानसिक स्वास्थ्यको बारेमा नियमित सेसन संञ्चालन गरीएको छ जसले गर्दा मानसिक स्वास्थयको बारेमा जानकारी प्रदान गरी आफुले सिकेका ज्ञान सिप समुदायका अन्य सदस्यहरु तथा आफन्तहरु लाई मानसिक स्वास्थ्यको बारेमा जानकारी प्रदान गनेको पाईएको छ।मानसिक स्वास्थ्य समस्या सबैलाई हुन सक्छ यो रोग सञ्चो हुन्छ सरुवा रोग होईन भन्ने बारेमा बिश्वासमा रहेको जानकारी गराउनु भएको छ ।समुदायमा मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तीहरु लाई संका लागेमा स्वास्थ्य चौकीमा जानका लागी घर दैलो भेटघाट गने र मानसिक स्वास्थ्यको बारेमा प्रामर्श गर्ने काम समुहका सदस्यले थालनी गरेका छन् ।







## ३. यस परियोजनाको लाभान्वित संख्या :





## ४) रुकुम पूर्वमा मानसिक स्वास्थ्यको स्थिती :




## ५) भूमे गाउँपालिकामा मानसिक स्वास्थ्यको स्थिति :




## ६) पुथा उत्तरगंगा गाउँपालिकामा मानसिक स्वास्थ्यको स्थिति :



## ७) गुणस्तर सुधार तथा स्वास्थ्य प्रणाली सुदृधिकरणमा गरिएका प्रयासहरुः




## ८) स्थानीय स्वास्थ्य प्रणाली सुदृधिकरण तथा गुणस्तर सेवा प्रदानका लागि :

- मानसिक स्वास्थ्य सेवा र उपचारमा नियमित गराउन स्थानीय सरकारलाई मानसिक औसधी सहयोग ।
- मानोपरामर्श केन्द्र स्थापना र स्वास्थ्य संस्था मर्मत सम्भारले गुणस्तर सेवा प्रवाह ।
- ९६ HFOMC पदाधिकारीहरु २०७५ को निर्देशिकामा क्षमतामा विकासले स्वास्थ्य संस्थाहरुको गुणस्तर, सुशासन व्यवस्थापन।
- स्वास्थ्य सूचना प्रवाह गर्न मानसिक स्वास्थ्य, सुरक्षित मातृत्व, खोप सम्बन्धि भित्ते लेखन (५ HFs) ।




२८ जना स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य तथ्यांक विशलेषण सम्बन्धि क्षमता सहयोगले तथ्यांको प्रयोग र व्यवस्थापनमा सुधार।

८ स्वास्थ्य संस्था हरुको न्युनतम सेवा मापदण्ड गरि स्वास्थ्य सेवाहरुको गुणस्तर सुधार।

८ नियमित तथ्यांक गुणस्तर प्रणाली परिक्षणमा प्राविधिक सहयोग भए गुणस्तर सेवा र रेकोर्डिंग रेपोर्टिंगमा सुधार।

- सलनाल पिट (Placenta pit) निर्माणले सलनाल व्यास्थापनमा सहयोग, हाल सम्म १० जना सुत्केरी भएको ।
- स्वास्थ्य संस्था हरुमा सोलार सिस्टम सहयोगले २४ घण्टा प्रसुती सेवा सुचारु ।
- MSS कार्ययोजना पश्चयात स्वास्थ्य उपकरण र सामग्री सहयोगले गुणस्तर स्वास्थ्य सेवा प्रवाहमा सहज ।

- ३ वटा सामुदायिक विद्यालयहरुमा शौचालय तथा बालमैत्री धारा निर्माण र मर्मत सम्भार कार्य सम्पन्न भएको छ । यसबाट ६८६ जना बालबालिका तथा समुदायका व्याक्तिहरु र बिरामीहरु लाभान्वित भएका छन् ।

## ९) समुदायमा आयआर्जन सुधार सहयोग :

अर्धबा र्षक आम्दानी

२३३०००/-



मानिसक स्वास्थ्य समस्या भएका ४७ जना लाई आयआर्जनका लागि बाख्रा र बंगुर साथै खोर सहयोग गरीएको छ।



लगानी

रु. १३७५०००।

६ आधुनिक कृषि मौरीपालन सम्बन्धि तालिम तथा सामग्री प्राप्त गरि कृषि पेशामा सक्रिय रुपमा आवद्द भएका छन्।

## १०. समुदायले हानी गर्ने परम्परागत अभ्यासहरु (बाल बिवाह, बहु बिवाह, लैंगिक हिंसा, विभेद, सुरुवातको गर्भधारण) :

११६ जना समुदायका मानिसहरु र सरोकारवालाहरुले हानिकारक परम्परागत अभ्यासहरु विरुद्द अग्रसर भई लैंगिक समानता प्रवर्दन ।

साथै २६० जना लक्षित स्थानीय जनप्रतिनिधि र समुदायहरु स्थानीय तहको योजना तर्जुमा र सुचनाको हक, अधिकार सम्बन्धि क्षमता विकास र सहयोग प्राप्त गरेका छ ।

न्यायिक समितिको क्षमता विकास:भूमे र पुथा गा.पा.संग सहकार्य २३ जना हिंसाका केस दर्ता भएको ।

धामी झाक्री, अगुवा, जप्रतिनितीहरुसंग पपरम्परागत हमिकारक अभियास अन्तरक्रिया पश्चयात ५ जना विरूद कानुनी प्रक्रिया थाले

## ११) सिकाईहरु :



- मानसिक स्वास्थ्यलाई स्वास्थ्य प्रणालीको ६ Building Block को आधारमा कार्य गर्दा थप उत्तरदायी र गुणस्तर सुधारमा सहयोग हुने ।
- मानसिक स्वास्थ्य प्रति लाल्छना, अन्ध विश्वासलाई कम गर्न संरक्षण, लैंगिक हिंसा लगायतको पक्षमा काम गर्दा मानसिक स्वास्थ्य प्रति सकारात्मक परिवर्तन हुने ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति हरुको परिवार संग पनि परामर्श गर्दा, बिरामीको हेरचार र उपचारमा सहयोग हने रहेछ ।

## १२) चुनौतीहरु :

लैंगिक हिंसाका व्यक्तिहरु कानुनी रुपमा खुलेर आउन नचाहने।

मानसिक बिरामीहरुको घरमा हेरचाह गर्ने व्यक्ति नहुँदा रेफेरल सहयोग गर्न समस्या भएको ।

मानसिक औषधी आपूर्ति नियमित नहुँदा बिरामी हरु बिचमै छोड्ने ।

# १३. अनूसुचिहरु

### अनूसुचिहरू-१

## सफलताको कथा



मेरो नाम कमला पुन मगर रोका हो म अहिले रुकुम पुर्ब जिल्ला भुमे गाउँपालिका वडा नं. ३ सिमा बस्ने गर्दछु । म अहिले ३० बर्षको भए मेरो घरमा ७ जनाको परिवार संख्या रहेको छु सासु सुसुरा श्रीमान ३ छोरी छौ ।

हाम्रो गाउँ दुर्गम जिल्लामा परेको कारणले गर्दा हाम्रो समाजमा धेरै जसो मानसिहरु असिक्षित छन् अशिक्षित भएको कारणले गर्दा हाम्रो आमा बाबा ,बाजे बजैहरुले परामपरागत साचाई ज्ञानको कमिको कारणले गर्दा बच्चालाई स्याहार सुसारमा रेखदेख नगर्ने बच्चालाई सरसफाईमा पनि ध्यान नदिने बच्चाले कामा गर्न नमानेमा कुटपिट गर्ने, गालि गर्ने हप्काउने गर्ने गर्दथ्रे बच्चाको भावना, सोच बिचार नबुझेर कुटने पिट्ने स्वास्थ्य शिक्षा पोषमा ध्यान नदिने धेरै जसो काममा मात्र ध्यान दिने परामपरागत चाल चलनलाई बढि ध्यान तथा मान्यता दिने आफ्नो बालबालिकाहरुलाई ध्यान नदिने बिद्यालय नपठाउने खान पानमा, ध्यान नदिने गर्द थिए

तर अहिले चाही अन्तर्राष्टिय बालबिकास कार्यक्रम सम्बन्धी तालिम सेसन लिए पछि बालबालिकाहरुलाई हेर्ने आँखाको चस्मा फेरीएको छ ।अहिले बालबच्चाहरु लाई हेर्ने र गर्ने ब्यबहार सकरात्मक दृष्टिकोणले हेर्ने जुत्तामा उभिएर हेर्ने गरेको छु।बालकलाई पहिले बस्तुको रुपमा हेर्ने गरिन्थ्यो अहिले ब्यक्तिको रुपमा हेर्ने गरेको छु क्ष्त्रऋम्ए सेसरन लिई सकेपछि काम भन्दा बढी बालबालिकाहरुलाई हेर्ने ख्याल गर्ने गरेको छु।बालबालिकाहरलाई नियमित बिद्यालयमा पठाउने घरमा आए पछि गृहकार्य गर्नमा सहयोग गर्ने बच्चाको सोच, बिचार, भाबनाहरुलाई बुझेर कुनै राम्रा काम गरे पछि माया गर्ने हौसल्लाह प्रदान गर्ने बच्चाको पोषण तथा स्वास्थ्यको बारेमा ध्यान दिने पहिला म बच्चाले काममा ब्यक्त भएको समयमा कुनै नयाँ कुराको बारेमा साधेमा गाली गर्ने रिसाने झकिने गर्दथे यो तालिम लिए पछि म जति कामकाजमा ब्यक्त भए पनि बच्चाले केहि कुरा सोध्यो भने माया गरेर सिकाउने सम्झाउने गरेको छु।बिदाको समयमा उनि सगै सयम स.बिताउने नजिको बजार तिर गुमगाम गर्न लैजाने गर्दछु खेलौनाहरु किनि दिने गर्दछु अहिले म पहिला भन्दा धेरै मेरो ब्यबहारमा परिर्बतन आएको छ।महिले सिकेका कुराहरु घर परिवार तथा अन्य समुदायका दिदि बहिनीहरुलाई सिकाउने छु।यसको लागी यस संस्था तथा कर्मचारीहरु लाई धेरै धेरै धन्यबाद छ।

**तयार गर्ने :**
**नाम : हस्त बहादुर भग्री**
**पद : परियोजना अधिकृत**

# शिर्षकः मेरो स्वास्थ्यमा आएको सुधार



मेरो घर भुमे गाउँपालिका वडा नं.६ तामारि हो। मेरो नाम डम्बरबहादुर वलि हो। मेरो परिवारमा ३ भाई छोरा श्रीमती र म आफु गरेर पाँच जनाको परिवार रहेको छ , मेरो पेशा कृषि रहेको छ मेरो अहिले उमेर ४० बर्ष भएको छु ।

घरमा छोराहरुलाई पठन पाठन गराउनको लागी आर्थिक अबस्थाले ग्राहो भएको संगै परिवारीक घर खर्च चलाउनका लागी धौउ धौउ भएको जसले गर्दा केहि सहज हुन छ कि भन्ने आशाले थोरै पैसा सापट मागेर गाउँमा खुदुरा पसल सुरुवात गरेको थिए। सानो खुदुरा पसल गाउँमा सबै उदारो गयो परिवारहरुको आबश्यता परिपुर्ति गर्नको लागी के गरेर समस्या समधान गर्ने भन्ने मनमा दिन दिनै सोच बिचार खेलि रहन्थ्यो यस लगतै मलाई दिन दिनै चिन्ता लाग्ने , सिस उठने, निन्द्रा नलाग्ने,राति चिरचिर पसिना आउने, डर लाग्ने एक्कासी केले समाञ्न आए सस्तो अनुभब हुने पछि झन समस्या बड्दै गयो पछि जे मनमा लाग्यो तेहि बाल्ने समस्या आयो घरमा र समुदायमा मानसिक स्वास्थ्य समस्या भएमा औषधि हुन्छ भन्ने थाहानै थिएन। परिवारले र आफान्त हरुले पुजा गर्ने धामी झाक्रीहरु हेराउने सन्चो हुदैन भन्ने अप शब्द बोल्न समाजले माया नगर्ने, हेला गर्ने पाएको थिए।

मेरो घर भुमे गाउँपालिका वडा नं.६ तामारि हो। मेरो नाम डम्बर बहादुर वलि हो। मेरो परिवारमा ३ भाई छोरा श्रीमती र म आफु गरेर पाँच जनाको परिवार रहेको छ , मेरो पेशा कृषि रहेको छ मेरो अहिले उमेर ४० बर्ष भएको छु ।

मेरो स्वास्थ्य समस्याको बारेमा समय समयमा रुककुमकोट र रुकुम पश्चिम स्वास्थ्य संस्थामा चेक जाँच गराए कुनै पनि समस्या सुधार भएन। एका तिर आर्थिक समस्या र अर्को तिर स्वास्थ्य भसमस्या बड्दै गएको थियो मानसिक स्वास्थ्य समस्यामा गुज्रिरहेको थिए।

भाय बस यु.एम.एन.रुकुम पुर्ब कलष्टर संस्था र नेपाल जनजागरण मञ्च संस्थाको आर्थिक तथा प्राबिधिक सहयोग संञ्चालन भएको ३ दिने मानसिक स्वास्थ्य शिबिर संञ्चालन भएको बेला म आफुले पनि मानसिक स्वास्थ्य शिबिरमा सहभागी भई मेरो स्वास्थ्य चेक जाँच गराए डाक्टरको सल्लाह अनुसार घरका जाड रक्सी नखाने र मानसिक स्वास्थ्य सम्बन्धि औषधिहरु नियमित २ महिना सम्म लगातार मानसिक औषधि खाए पछि दिन प्रति दिन ममा हुने मानसिक स्वास्थ्य समस्याहरु कम हुदै गयो। म अहिले पहिलाको अबस्थामा आएको छु डाक्टरको सल्लाह अनुसार नियमित औषधि खाने खरेको छु म र मेरो परिवार खुसि भएका छौ संस्था लाई हृदय देखि धन्यबाद छ ।

मेरो गाउँमा मानसिक स्वास्थ्य समस्था भएका ब्यक्तिहरु देखे भेटे भने मानसिक स्वास्थ्य सकमस्या शारिरीक स्वास्थ्य जस्तै सञ्चो हुन्छ औषधि नि शुल्क पाईने जानकारी गराउने छु ।

थप संस्थाको उन्नतिको कामना गर्दछु ।

**तयार गर्ने :**
**नाम : खिमसरा पुन**
**पद : परियोजना अधिकृत**

# परियोजना-३

## परीयोजनाको परिचय :

| | | |
|---|---|---|
| परियोजनाको नाम | अपाङ्गता पूर्नस्थापना कार्यक्रम | |
| परियोजनाको कार्यक्षेत्र | सिस्ने, भुमे र पुथा उत्तरगंगा गाउँपालिका | |
| साझेदारी संस्था | यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टर | |
| परियोजनाको अवधि | सन जुलाई , २०२३ देखि जुन, २०२४ सम्म | |
| परियोजनासँग सम्वन्धित सम्पर्क ब्यक्ति | नाम | निदान बुढा मगर |
| | पद | फिल्ड सुपरभाईजर |
| | इमेल | nidanbudhamagar@gmail.com/9841107358 |
| परियोजनाको परिचय | नेपाल जनजागरण मञ्च रुकुम (पश्चिम) र यूनाईटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टरसँगको साझेदारीमा संचालित अपाङ्गता पूर्नस्थापना कार्यक्रम रुकुम पूर्व जिल्ला सिस्ने, भुमे र पुथा उत्तरगंगा गाउँपालिका भित्र रहेर ८ वर्ष भन्दा मुनीका शारीरिक अपाङ्कता भएका बालबालिकाहरु र अपाङ्गता भएका ब्यक्तिहरुसँग अपाङ्कता भएका बालबालिकाहरुलाई उपचार सहयोग, अपाङ्गता भएका ब्यक्तिहरुलाई घरपरिमार्जन सहयोग र उपचार सहयोग गरिएका बालबालिकाहरुको आर्थिक अवस्था सुढृढिकरणका लागि आयआर्जन सहयोग साथै उपचार सहयोग गरिएका बालबालिकाहरुलाई विद्यालयमा जान प्रोत्साहन गर्नका लागि शैक्षिक सामाग्रीहरु सहयोग गरिएको छ। यो परियोजना सन २०२१ देखि रुकुम पूर्व जिल्लाको ३ वटा गाउँपालिकामा सञ्चालन भएको छ। | |
| परियोजनाको लक्षित समुहहरु | १८ वर्ष भन्दा मुनीका शारीरिक अपाङ्कता भएका बालबालिकाहरु, अपाङ्कता भएका ब्यक्तिहरु। | |
| परियोजनाका सरोकारवालाहरु | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, जिल्ला समन्वय समिति, गाउँपालिका र १८ वर्ष भन्दा मुनीका शारीरिक अपाङ्कता भएका बालबालिकाहरु, अपाङ्कता भएका ब्यक्तिहरु। | |
| परियोजनाको विषयगत क्षेत्र | ○ उपचार सहयोग<br>○ आयआर्जज सहयोग<br>○ शैक्षिक सामाग्री सहयोग<br>○ घर परिमार्जन सहयोग<br>○ सहायता सामाग्री सहयोग | |
| परियोजनाको लक्ष्य | शरीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई मेडिकल उपचार तथा | |

| | |
|---|---|
| | पुर्नस्थापना प्रदान गरि उनिहरुको व्यक्तिगत जीवन स्तरमा सुधार गरी गुणस्तरीय जीवन यापन गर्न सहयोग पुऱ्याउने । |
| परियोजनाको मुख्य उद्देश्यहरु | रुकुम पुर्वका १८ वर्ष भन्दा कम उमेरका शारीरिक रुपमा अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गर्ने । |
| | शारीरिक पूर्नस्थापनाका लागि आवश्यक पर्ने सम्पूर्ण उपायहरु जस्तैः शल्यक्रिय, औषधी उपचार, आवश्यक सहायता सामाग्रीको उपलब्धता तथा आवश्यक कसरतको लागि सम्वन्धीत अस्पताल वा पूर्नस्थापना केन्द्रमा प्रेषण गर्ने । |
| | उपचारपछि उनीहरुलाई आफूले गर्ने दैनिक क्रियाकलापहरु निरन्तर रुपमा आफैले गर्न सक्षम बनाई समुदायमा आत्मसम्मान सहितको जीवन यापन गर्न सक्षम बनाउने । |


## २. परियोजनाको लाभान्वित घरधुरी संख्याः

- यस वर्ष लाभान्वित घरधुरी सख्याः ७०
- लाभान्वित संख्याः (महिला ३७ जना, पुरुष ३३ जना जम्मा ७० जना)


## ३. परीयोजनाका मुख्य उपलब्धीहरूः

### ३.१ शारिरीक अपाङ्गता भएका बालबालिका र व्यक्तिहरुलाई उपचार तथा सहयोग

रुकुम पूर्व जिल्लामा रहेका यस वर्ष १७ जना नयाँ क्लव फित, हात खुट्टा बाँङगो भएको र ढाडमा समस्या भएका बालबालिकाहरुलाई अपाङ्ग बाल अस्पताल बनेपा पठाई उपचार सहयोग गरिएको र उपचार पछि बालबालिकाहरु नियमित विद्यालय जाने र आफ्नो दैनिक क्रियाकलापहरुमा सहभागी हुने गरेका छन् ।







## ३.२ अपाङ्गता ब्यक्तीहरु लाई आर्यआर्जनमा सहयोग




रुकुम पूर्व जिल्लामा रहेका अपाङ्गता भएका २ जना wheelchair प्रयोग कर्तालाई अपाङ्गता मैत्री जस्तैः घरपरिमार्जन, शौचालय परिमार्जन र सहायता सामाग्री सहयोग गरी अरुको सहयोग बिनानै आफ्नो दैनिक क्रियाकलापहरु आफै गर्दै आएका छन् ।




रुकुम पूर्व जिल्ला सिस्ने गाउँपालिका वडा न. २ का चङ्ग बहादुर खड्का र पुथा उत्तरगगा गाउँपालिका १२ का संम्जिमाया बुढा अपाङ्गता भएका हुईल चियर प्रयोगकर्ताका परिवारलाई आयआर्जनका लागि खोर तथा बाख्रापालन सहयोग गरिएको छ जसले गर्दा उनीहरुको आत्मविश्वास बढी घर तथा समुदायमा सम्मान जनक जिवन विताएका छन् ।


## ३.३ Wheelchair प्रयोग कर्ताहरु लाई अपाङगता मैत्री बाताबरण निर्माणः

Wheelchair प्रयोग कर्ताहरु सिस्ने गाउँपालिका २ का चङ्ग बहादुर खड्का र पुथा उत्तरगगा गाउँपालिका १३ का गुमान कामीलाई अपाङ्गता मैत्री वातावरण निर्माण गर्न शौचालय, सुत्ने कोठा र भान्सा कोठा, Wheelchair गुड्ने बाटो निर्माण प्रश्चात उनीहरुको दैनिक क्रियाकलापहरु आफैले गर्न सक्ने समक्ष भएका छन् ।





## ३.४ उपचारमा सहयोग Follow-up:




उपचारमा सहयोग गरिएका १७ जना Follow-up बालबालिकाहरु मध्ये ५ जनाको हात र ढाडको अप्रेसन, २ जनाको बिशेष खालको जुत्ता र १० जनाको अप्रेसन पछि थेरापी गरे पश्चात उनीहरु शारिरीक अपाङ्गता समस्याबाट पुर्नस्थापना भएका छन् ।







## ३.५ बालबालिकाहरुलाई शिक्षक सामग्रीहरु सहयोग:

परियोजना बाट उपचारमा सहयोग भएका बिपन्न बालबालिकाहरु शैक्षिक सामग्रीहरुको अभावले विद्यालयमा नियमित पढ्न जान नसकेका र गए पनि शैक्षि सामग्रीहरु नभई पठन पाठनमा असहज भएका २२ जना बालकः १० जना बालिका गरी जम्माः ३२ जनालाई झोला, कापी, कलम, पेन्सील र ज्यामीति बक्स सहयोग गरिएको जसबाट बालबालिकाहरु खुसी भई नियमित विद्यालयमा जाने गरेका छन् ।





## ४. सिकाईहरु

४.१ परियोजनाबाट छनौट भएका बालबालिकाहरुलाई उपचारमा पठाउदा सम्वन्धित अस्पताल सँग समन्वय नगरी बालबालिकाहरुलाई पठाउदा र अस्पतालमा ब्यक्तिगत खर्चले उपचार गर्न आएको भन्दा उपचार खर्चमा कटौती र छुट दिदो रहेछ ।

४.२ हुईल चियर प्रयोगकर्तालाई अपाङ्गता मैत्री शौचालय निर्माण गर्दा ट्वाईलेट कुर्सीको लागि स्थानीय स्तरमै पाईने काठबाट निर्माण गर्दा गुणस्तरीय, टिकाउ र सस्तो पर्दोरहेछ ।

४.३ धार्मिक समूहहरुसँग समन्वय गरि परियोजनाका क्रियाकलापबारे अभिमुखिकरण गर्दा शारीरिक अपाङ्गता बालबालिकाहरु पहिचान गर्न सहज हुने रहेछ ।

## ५. चुनौतीहरुः

५.१ समुदाय स्तरमा रहेका सबै प्रकारका अपाङ्गता भएएका ब्यक्तीहरुलाई परियोजनाबाट समेटन नसक्नु।

५.२ उपचारका लागि छनौट भएका बालबालिकाहरुलाई उपचारका लागि अपाङ्ग बाल अस्पताल तथा पुनः स्थापन केन्द्र काभ्रेमा पठाउने गरेको, संस्थाले पठाएको भनेर अस्पतालमा उपचार खर्च बिलहरु पछिल्लो समय धेरै मात्रामा बढेर आउने गरेको ।

## ६ अनूसुचिहरू

### अनूसुचिहरू-१ सफलताको कथा

# शिर्षक : उपचार पछि आएको परिवर्तन



**उपचार पहिले**



**उपचार पछि**

रुकुम पुर्ब जिल्ला पुथा उत्तरगँगा गाउपालिका ९ खाराबाङ निबासी १६ बर्षिय बिजय खड्का त्यही कै बासिन्दा हुन । उनको परिवारमा आमा बुबा र २ जना दिदी गरि ५ जनाको सदस्य छ । बिजय ९ बर्षको उमेरमा साथीहरूसँग खेल्दै गरेको क्रममा लडेर दायाँ हातको कुईनोको नशा मर्केको जस्तो भयो । त्यसपछि बिजयका बुबाले रुकुमकोटमा रहेको प्राइभेट हस्पिटलमा उपचारका लागि ल्याए । डाक्टरले सामान्य समस्या हो भनेर ब्यानडेज लगाएर घर तिर पठाइदिए । २५/३० दिन पछि ब्यान्डेज खोलेर हेर्दा हात पुरै बाङ्गो भएको र हात सिधा नहुने, हात तल माथि गराउदा पनि दुख्ने, खाना खादा पनि धेरै निहुरिएर खानु पर्ने,पढदा लेख्दा र सामान्य कामहरु गर्दा पनि हात दुख्ने हुन थाल्यो । त्यसपछि फेरि उनको बुबाले बिजयलाई नेपालगन्ज अस्पताल र BNB अस्पताल पनि लगे । त्यहाँका अस्पताललले यस्तो समस्या भएको उपचार हुदैन भने र उनका बुबाले घर फर्काएर ल्याए । त्यसपछि हात बिस्तारै बिस्तारै बाङ्गो हुदै गयो। हात बाहिर अरुलाई देखाउदा पनि लाज लाग्ने भएकाले र स्कुलमा साथीहरूले बाङ्गे भनेर झिस्कयाउने भएकाले स्कुल जान र साथिहरु सँग खेल्न पनि मन नलाग्ने अबस्था थियो । छोराको यस्तो अबस्था देखेर र उपचार पनि नहुने भएकाले उनको परिवार चिन्तित थियो।

यस्तै अबस्थामा यु याम यान रुकुम पुर्ब कलस्टरको आर्थिक सहयोग र नेपाल जनजागरण मञ्च रुकुम पश्चिमले रुकुम पुर्बका तीन वटै गाउपालिकामा सञ्चालित भइरहेको अपाङ्गता पुनःस्थापन परियोजना अन्तर्गत शारीरिक रुपमा अपाङ्गता भएका १८ बर्ष भन्दा मुनिका बालबालिकाहरु पहिचाहान गर्ने क्रममा बिजयलाई उनको बुबाले त्यहाँ ल्याए र चेकजाँच गर्दा उपचार हुने भएपछि उनलाई छनोट गरियो र उपचारका लागि काभ्रे जिल्लामा रहेको अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापन केन्द्र बनेपामा पठाइयो । त्यहाँ बिजयको हातको अप्रेसन भयो । लगभग अस्पतालको १ महिना बढीको बसाइ र १ पटकको फलोअप पछि घरमा आएर थेरापी गरेपछि बिजयको हात सुधार हुँदै गयो । आजभोलि हात पुर्ण रुपमा सिधा भएको छ र दुखाइ पनि कम भएको कारण दैनिक क्रियाकलापहरुमा सँगै पढन लेख्न पनि धेरै सहज भएको छ । साथीहरूसँग पनि घुलमिल हुँदै गएको र बिधालय नियमित जाने गरेका छन । परिवारमा पनि छोराको हात राम्रो भएको देख्दा धेरै खुसि छन । छोराको दैनिक क्रियाकलापमा आएको सहजता देख्दा बिजयको परिवारले सस्थालाई धन्यवाद दिनुहुन्छ ।

# शीर्षक : रूपान्तरित जीवन

रुकुम पुर्व जिल्ला सिस्ने गाउपालिका वडा नम्बर २ रङ्गिनी निबासी ३१ बर्षिया चङ्ग बहादुर खड्का त्यहीँकै बासिन्दा हुन । उनको परिवार नभएका कारण उनी सौतेनी आमाको छोरी दिदी भिनाजुसँग बस्दै आएका छन । बोलाईमा समस्या भएका चङ्ग बहादुर खड्का सानै उमेरमा आमाबुबा घुमाएका उनी २३ बर्षको उमेरमा घरको नजिकै रुखमा चडी बाख्रालाई घाँस काट्ने क्रममा लडेर उनी बिरामी भए



उपचार पछि



उपचार पहिले

धेरै बिरामी भएकोले र उनको खुट्टाहरु पनि बिस्तारै चल्न छाडेपछि उनको दिदीले उपचारका लागि नेपालगञ्ज अस्पतालमा लगियो। अस्पतालमा उपचारका लागि धेरै बस्नु पर्ने भएकाले घरको आर्थिक अबस्थाले नभ्याउने अबस्था आएकाले उनको दिदीले एक महिना उपचार गरि घर फिर्ता ल्याईन । अस्पतालबाट फर्किएपछि उनको कम्मर देखि तलको भाग बिस्तारै चल्न छाड्यो । त्यस पछि उनको दैनिक क्रियाकलापहरु शौचालय, सुत्ने कोठा, भान्साकोठा आउन जान र बाहिर भित्र गर्न लाई पनि समस्या भयो । घरमा अन्य सदस्यहरु हुदा उनलाई शौचालय, सुत्ने कोठा, भान्सा कोठा र बाहिर भित्र गर्न बोकेर मद्दत गर्थे भने घरमा परिवारका सदस्यहरु नहुदा हातको सहाराले घस्रिदै दैनिक क्रियाकलापहरु गर्थे । हात टेकेर घस्रिदा हातका पञ्जा र शरिरको पछिल्लो भागहरुमा घाउहरु हुने समस्याहरु हुन्थ्यो । यसैगरी उनको दैनिक दिनचर्या कठिन पुर्ण रुपमा चलिरहेको थियो । सिस्ने २ वडा कार्यलयबाट चङ्ग बहादुर खड्काको अबस्था बारे जानकारी गराएपछि उनको अबस्था बारे बुझ्न वडा अध्यक्षसँग नेपाल जनजागरण मञ्चबाट उनको घरमा गई प्रत्यक्ष रुपमा भेटेर उनको अबस्था बारे







हेरि समस्या पहिचान गरियो । त्यस लगत्तै वडा अध्यक्षसँगको छलफलमा वडाले हुईल चियर उपलब्ध गराउने र नेपाल जनजागरण मञ्चले सञ्चालन गरेको अपाङ्गता पुनःस्थापन परियोजना अन्तर्गत अपाङ्गता मैत्री वातावरण निर्माण गर्न सम्झौता गरियो र हुईल चियरबाटै दैनिक क्रियाकलापहरु गर्न मिल्ने खालको स्ठमिट तयार गरि शौचालय, सुत्ने कोठा, हुईल चियर गुड्ने बाटो, शौचालयमा राख्ने कुर्सी निर्माण गरियो र वडाले पनि हुईल चियर उपलब्ध गरायो । अपाङ्गतामैत्री वातावरण निर्माण भएपछि चङ्ग बहादुर र उनको परिवारले जीवन नै परिवर्तन भएको महसुस गर्नु भएको छ । आजभोलि चङ्ग बहादुर खड्का अरुको सहयोग नलिएरै आफ्नो दैनिक क्रियाकलाप आफै सम्पादन गर्न सक्ने भएका छन । चङ्ग बहादुरको औसधि उपचार र घर व्यवहार चलाउनलाई सहयोग पुगोस् भनेर उनको परिवारलाई आयआर्जनका लागि ५ वटा बाख्रा सस्था मार्फत उपलब्ध गराइएको छ । घरमा कोही नभएको अबस्थामा उनले राखेको घाँस र पानी हुईल चियरको सहायताले दिने गरेका छन । उनको दैनिक क्रियाकलापमा आएको परिवर्तन देखेर चङ्ग बहादुर, उनको परिवार र स्थानीय जनप्रतिनिधिहरु खुसी भएको र यो अबस्थामा ल्याउने नेपाल जनजागरण मञ्चलाई धन्यवाद दिनुहुन्छ ।

## अनूसुचिहरु – २

### परियोजना अन्तर्गत आयआर्जन सहयोग गरिएका लाभग्राहीहरुको बिवरण

| क्र. स | लाभग्राहीहरुको नाम | ठेगाना | आयआर्जनको किसिम | सस्था मार्फत सहयोग | संघ सस्था र स्थानीय सरकारको योगदान | लाभग्राहीहरु को योगदान | जम्मा रकम | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | चङ्ग बहादुर खड्का | सिस्ने गा पा २ प्वाङ | बाखा पालन | ४०००० | ० | ५००० | ४५००० | |
| २ | सम्जिमाया बुदा | पुथा १२ छमारी | बाखा पालन र खोर व्यबस्थापन | ४०००० | ० | १५००० | ५५००० | |

## अनूसुचिहरु – ३

### उपचारमा सहयोग, अपाङ्गता र बिपन्न बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग

| क्र स | नाम | ठेगाना | शैक्षिक सामाग्रीहरु | बिधालय | कक्षा |
|---|---|---|---|---|---|
| १ | सन्तबिर रोका | भुमे ८ कोर्झा | कापी २० , झोला १ , कलम १० , सिसाकलम १५ , कटर एलिजर ८/८, क्याल्कुलेटर १ , ज्यामिती बकस १ , साधा कापी ३ , कलर पेन्सिल१ प्याकेट | नेपाल राष्ट्रिय माध्यमिक बिधालय | ३ |
| २ | धमन बुदा | पुथा १४ | „ „ | श्री सिद्धमण्डली माध्यमिक बिधालय | ८ |
| ३ | हिकासरी बुदा (पुरानो) | भुमे १ रुजिखोला | „ „ | श्री भुमि आ बि रुजिखोला भुमे १ | २ |
| ४ | लक्ष्मी सुनार | भुमे १ लुगुम | „ „ | „ | ३ |
| ५ | सबिना पुन मगर | भुमे १ रुजिखोला | „ „ | „ | २ |
| ६ | बिनिता बुदा | भुमे १ रुजिखोला | „ „ | „ | ३ |
| ७ | पबिता बि क | भुमे १ लुगुम | „ „ | श्री भुमि आ बि बिधालय रुजिखोला भुमे १ | ४ |
| ८ | क्रिस्टिना बुदा | भुमे ६ महत | „ „ | श्री जनज्योति मा बि | २ |
| ९ | सुदिस्ना बुदा | भुमे ६ महत | „ „ | श्री „ | ६ |
| १० | धनिषा बुदा | भुमे ७ | „ „ | श्री जनज्योति आधारभूत बिधालय | १ |
| ११ | शुष्मा बुदा | भुमे ७ | „ „ | श्री „ | ६ |
| १२ | कर्मलिला घर्ती | भुमे ७ | „ „ | श्री „ | ६ |
| १३ | राजन नेपाली | भुमे ७ | „ „ | श्री „ | ६ |
| १४ | निक बुदा | पुथा १२ कोल | „ „ | श्री पर्वत माध्यमिक बिधालय कोल | ३ |
| १५ | सुबिन दमाई | भुमे ७ | „ „ | श्री „ | ७ |
| १६ | किस्मत रोका (पुरानो) | भुमे ४ काँडा | „ „ | श्री जनशक्ति माध्यमिक बिधालय | ३ |
| १७ | किस्मत बि क (पुरानो) | भुमे ४ काँडा | „ „ | श्री „ | ३ |
| १८ | पबित्रा बि क | भुमे ४ काँडा | „ „ | श्री „ | ५ |

| क्र स | नाम | ठेगाना | शैक्षिक सामाग्रीहरु | बिधालय | कक्षा |
|---|---|---|---|---|---|
| | (पुरानो) | | | | |
| १९ | लक्ष्मी बि क (पुरानो) | भुमे ४ काँडा | „ „ | श्री „ | २ |
| २० | सुदिप बि क | भुमे ४ काँडा | „ „ | श्री „ | ५ |
| २१ | बमकुमारी पुन | भुमे ८ | „ „ | श्री माध्यमिक बिधालय कुचिबाङ | ७ |
| २२ | सुबास रोका | भुमे ८ | „ „ | श्री „ | ६ |
| २३ | साबित्रा रोका | भुमे ८ | „ „ | श्री „ | ६ |
| २४ | प्रगति बुदा | भुमे ८ | „ „ | श्री „ | ९ |
| २५ | मनिषा बुदा | भुमे ८ | „ „ | श्री „ | ७ |
| २६ | किस्मत रोका | पुथा १२ कोल | „ „ | श्री पर्वत माध्यमिक बिधालय कोल | ४ |
| २७ | कोपिला बुदा | भुमे ८ | „ „ | श्री माध्यमिक बिधालय कुचिबाङ | ७ |
| २८ | मनिसा बि क | पुथा १४ | „ „ | श्री सिद्धमण्डली माध्यमिक बिधालय | ६ |
| २९ | बिपना बि क | पुथा १४ | „ „ | श्री „ | ७ |
| ३० | बिनिता बुदा | पुथा १४ | „ „ | श्री „ | ६ |
| ३१ | पृथीमाया बि क | पुथा १४ | „ „ | श्री „ | ८ |
| ३२ | शुष्मा बि क | पुथा १२ कोल | „ „ | श्री पर्वत माध्यमिक बिधालय कोल | ५ |

## अनूसुचिहरु – ४

### उपचारमा सहयोग बालबालकाहरु

| क्र.सं. | नाम | ठेगाना | उमेर | लिङ्ग | शारीरिक समस्या | हालको अबस्था | उपचार गरेको अस्पताल | पटक | उपचारको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सबिन वली | भुमे ७ भित्रीबन | १० | पुरुष | छाती माथि उठेको | छाती केही मात्रामा तल दबेको र घाँटीमा केही सुधार पश्चात् बोलाईमा सुधार आएको | HRDC बनेपा | १ | औसधि |
| २ | हस्त बहादुर बुदा | सिस्ने १लामपाखा | ११ | पुरुष | बायाँ हातको कुईनो बाङ्गो भएको | हात सिधा भइ दैनिक क्रियाकलापमा सहज भएको | HRDC बनेपा | १ | अप्रेसन |
| ३ | मेलमाया बुदा | सिस्ने १ लामपाखा | ७ | महिला | बायाँ हातको कुईनोको मुनि नशा भाँचिएको | भाँचिएको नशा जोडिएर सुधार भएको | HRDC बनेपा | १ | अप्रेसन |
| ४ | आकाश | सिस्ने १ | ११ | पुरुष | बायाँ खुट्टा | हिड्डुल गर्न सहज | ज्चम्ऋ बनेपा | १ | जुत्ता |

| क्र.सं. | नाम | ठेगाना | उमेर | लिङ्ग | शारीरिक समस्या | हालको अबस्था | उपचार गरेको अस्पताल | पटक | उपचारको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | बुदा | | | | कम्जोर | भएको | | | |
| ५ | सितला बुदा | सिस्ने १ | १७ | महिला | दायाँ हातको कुइनो बाङ्गो भएको | हात सिधा भएर दैनिक क्रियाकलापमा सहज भएको | ज्च्म्ऋ बनेपा | २ | अप्रेसन |
| ६ | मियिङ पुन | पुथा १२ कोल | ५ | महिला | घाती बाङ्गो भएको | सुधार हुदै गएको | ज्च्म्ऋ बनेपा | १ | ठेरापी |
| ७ | सक्षम बुदा | पुथा १ मैकोट | १६ | पुरुष | बायाँ हात बाङ्गो भएको | हात सिधा भएर दैनिक क्रियाकलापमा सहज भएको | ज्च्म्ऋ बनेपा | १ | अप्रेसन |
| ८ | बिरता बुदा मगर | भुमे ७ धरमशाला | ६ | पुरुष | छाती माथि उठेको | छाती केही मात्रामा तल दबेको र घाँटीमा केही सुधार पश्चात् बोलाईमा सहज भएको | ज्च्म्ऋ बनेपा | १ | औसधि |
| ९ | यसोदा मल्ल | भभुमे ३ मराबाङ | ९ | महिला | ढाड बाङ्गो भएको | उपचार पछि सुधार हुदै आएको | ज्च्म्ऋ बनेपा | २ | अप्रेसन |
| १० | बिबेक रोका | भुमे ६ स्याला | १५ | पुरुष | बायाँ हातको कुइनो मुनिको नशा भाँचिएको | उपचार पछि सुधार हुदै आएको | हरियो खर्क अस्पताल | १ | अप्रेसन |
| ११ | रुपना बि क | पुथा १४ नाखा | १७ | महिला | लडेर बायाँ हातको कुइनो बाङ्गो | उपचार पछि हात सिधा भएको र दैनिक क्रियाकलापमा सहज भएको | ज्च्म्ऋ बनेपा | २ | अप्रेसन |
| १२ | समर्पण पुन | भुमे गा पा १ लुकुम | ११ | पुरुष | लडेर बायाँ हातको कुईनो बाङ्गो | उपचार पछि सुधार भएको | ज्च्म्ऋ बनेपा | १ | अप्रेसन |
| १३ | बिजय खड्का | पुथा ७ खाराबाङ | १६ | पुरुष | लडेर दायाँ हातको कुईनो बाङ्गो | उपचार पछि सुधार भएको | ज्च्म्ऋ बनेपा | १ | अप्रेसन |
| १४ | गौरव घर्ती | सिस्ने गा पा २ प्वाङ | ४ | पुरुष | ढाड माथि उठेको | सुधार भएको | ज्च्म्ऋ बनेपा | २ | अप्रेसन |
| १५ | सुचना बुदा मगर | सिस्ने गा पा ७ नाथिगाढ | १७ | महिला | लडेर बायाँ हातको कुईनो बाङ्गो | उपचार पछि सुधार भएको | ज्च्म्ऋ बनेपा | १ | अप्रेसन |
| १६ | साईबा शाह | सिस्ने गा पा ५ रुकुमकोट | ८ | महिला | लडेर बायाँ हातको कुईनो बाङ्गो | उपचार पछि सुधार भएको | ज्च्म्ऋ बनेपा | २ | अप्रेसन |

| क्र.सं. | नाम | ठेगाना | उमेर | लिङ्ग | शारीरिक समस्या | हालको अबस्था | उपचार गरेको अस्पताल | पटक | उपचारको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | अभिषेक खत्री | सिस्ने गा पा ३ पाङा | ९ | पुरुष | बिकृट गोडा | उपचार पछि सिधा भई हिड्दुल गर्न सहज भएको | ज्च्म्ऋ बनेपा | १ | अप्रेसन |

## अनूसुचिहरु – ५
## हुईल चियर प्रयोगकर्तालाई अपाङ्गता मैत्री घर आगन परिमार्जन

| क्र.सं. | नाम | ठेगाना | अपाङ्गता मैत्री वातावरण निर्माण | आएको सुधार | परियोजनाको सहयोग | लाभग्राहीहरुको योगदान | स्थानीय निकायको सहयोग |
|---|---|---|---|---|---|---|---|
| १ | चङ्ग बहादुर खड्का | सिस्ने गा पा २ रङ्गिनी | शौचालय , सुत्ने कोठा , हुईल चियर गुड्ने बाटो , आगन | अरुको सहयोग बिना नै आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्दै आएको | रु ४०००० | रु ८८४० | रु ८००० |
| २ | गुमान कामी | पुथा गा पा ३१ नयाँ बजार | शौचालय , सुत्ने कोठा , भान्सा कोठा , हुईल चियर गुड्ने बाटो , आगन | अरुको सहयोग बिना नै आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्दै आएको | रु ४०००० | रु ३२८८० | |

| बार्षिक बजेट | खर्च बजेट |
|---|---|
| रु २०९६०६५ | रु १३९९३५२ |

## अनूसुचिहरु – ६
## जिल्ला तथा पालिका स्तरीय सरोकारवाला निकायसँग समन्यमा गरेका क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलापहरुको नाम | परिमाण | सस्थाको योगदान | जिल्ला तथा पालिका स्तरका सरोकारवाला निकायको नाम | स्थानीय तहको योगदान |
|---|---|---|---|---|---|
| १ | सहायता सामाग्री सहयोग हुईल चियर | २ | रु ११००० | सिस्ने गाउँ पालिका | रु ४२००० |
| २ | अपाङ्गता मैत्री घर आगन परिमार्जन | १ | रु ४०००० | पुथा उत्तर गँगा गाउपालिका | रु ८००० |

# परियोजना-४
# वहु सरोकारवाला स्व लगानी साझेदारी कार्यक्रम

**सहयोगीहरु :**

- ✓ आई.एन.एफ. पोखरा हरियोखर्क ।
- ✓ सहकर्मि समाज वाँके
- ✓ अमेरीकामा रहेका १२१ जना रुकुमेली सहयोगी व्यक्तिहरु
- ✓ संरक्षण वहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड रुकुम पश्चिम
- ✓ करीअर डेभलपमेन्ट रिसर्च सेन्टर वहु सेवा प्रा. लि. रुकुम पश्चिम

संस्थाको वहु सरोकारवाला स्व लगानी नीति अनुसार संस्थाको दिगोपना र समुदायका निरन्तर सेवा प्रवाहको लागि लक्षित समुदायको हित चाहने आम सरोकारवाला निकायहरुसँगको सहयोग, सहकार्य र  र साझेदारी आफनो उद्देश्य केन्द्रित कार्य गर्दै आएको छ । संस्थाको दिगो पनाको लागि संस्थाले समुदायमा काम गर्दा गठन गरेका विभिन्न समुहहलाई समुदायमा आधारीत संस्था,परामर्श दाता र सहकारीमा आवद्धता गरी स्वायत्त संस्था को स्थापना पश्चात उनिहरुको निरन्तर रुपमा क्षमता विकास गर्न र  एक अर्कामा सहकार्यता वृद्धी गरी सामुहिक वलको विकास गर्न रुकुम पुर्वमा र रुकुम पश्चिममा संस्थाले संचालन गरेका विभिन्न परीयोजनाहरु मार्फत गठन भएका सहकारी र  कम्पनीहरुसँग संस्थाले दिर्घकालीन साझेदारी गरी काम गरी रहेकोछ ।

संस्थाले विगतमा लामो काम गरी स्थापना  गरेका रुकुम पुर्वमा स्वावलम्वी कृषि सहकारी संस्था लि.रुकुम पुर्व र रुकुम पश्चिममा रहेको स्यार्पूताल कृषि सहकारी संस्थासँग साझेदारीतामा कार्य गर्दै आएको छ ।

संस्थाको दिगोपनाको लागि संस्थाले आफनै सहकारी संस्था (संरक्षण वहु उद्धेश्यीय सहकारी संस्था  लि. मुसिकोट नगरपालिका वडा नं १ रुकुम पश्चिम  र संस्थाको पदाधिकीहरु, कर्मचारीहरुको क्षमता तथा सिप विकासको लागि परामर्श दाताको रुपमा करीअर डेभलपमेन्ट रिसर्च एन्ड ट्रेनिङ्ग वहु सेवा प्रा.लि. रुकुम पश्चिम  स्थापना गरी संस्था सँगको सहकार्यमा विभिन्न कार्यहरु हुदै आएका छन । यस वर्ष कार्य समितिको पदाधिकारीहरुको लागि छोटो अवधीका लागि तालीम,प्रशिक्षणका कार्यह भएका छन् भने आफनै सहकारी मार्फत विभिन्न र असाहाय १४ जना वालवालिकाहलाई छात्रवृद्धि समेत प्रदान गरीएको छ ।

### ख) सहकर्मि समाज सँगको सहकार्यमा भुकम्प प्रभावित क्षेत्रमा अस्थायी टहरा निर्माण

२०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्र विन्दु वनाई गएको भुकम्प प्रभावित षेत्र सानीभेरी गाँउपालिका  वडा नं ७ मा ४७ वटा स्थायी टहराहरु निर्माण भएको छ ।

कैलाली, वर्दिया,वाँके र रुकुम पश्चिमबाट ४० जना स्वयम सेवकहरु परिचालन गरी अस्थानी टहराहरु निर्माण गरिएको थियो । स्वयम सेवकहरुले आफनो घर घरबाट खाना, रासन पानी, लत्ता कपडाको व्यवस्थापन गरी १५ दिन लगाएर अस्थायी टहराहरु निर्माण गरी सानीभेरी गाँउपालीलाई हस्तान्तरण गरीएको थियो । करीव १५ लाख वरावरको श्रम योगदान गरीएको थियो ।

**ग) अमेरीका रहेका १२१ जना नेपालीह मार्फत नगद राहत संकलन गरी भुकम्प प्रभावित क्षेत्रमा हस्तान्तरण :**

२०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्र विन्दु वनाई गएको भुकम्पका पिडीतहलाई राहत प्रदान गर्न संस्थाले अमेरीकामा रहेका १२१ जना नेपालीहरु सँग निरन्तर संस्थाले सहकार्य गरी स्वयम सेवक रुपमा आ आफुले सक्दो सहयोग गर्न अपिल र अनुरोध पश्चात १५९६०००। पन्ध्र लाख छेयानव्वे हजार रुपैया संकलन गरी भुकम्प भएको १५ दिन भित्रमा सहयोग जुटाई आठविसको नगर पालीकालाई ५ लाख,सानीभेरी गाँउपालिकालाई ४ लाख, जाजरकोट जिलला प्रशासन कार्यालयको विपद व्यवस्थापन कोषमा नगद रु ३ लाख र र वाँफीकोट गाँउ पालीका रुकुम पश्चिममा ३लाख ९६ हजार रुपैया पालीकालाई नगद चेक हस्तान्तरण गरीएको थियो । उक्त रकमवाट मृतकका परीवार र अत्यन्तै घाईते र विपन्नलाई प्रति व्यक्ति नगद प्रदान गर्ने भनी चेक हस्तान्तरण गरी महत्वपूर्ण यागदान गरीएको छ । उक्त सहयोग संकलन गर्नको लागि अमेरीकामा रहेनु हुने श्री मन वहादुर कुसारी र अन्य साथीहरुले निकै ठुलो योगदान गर्नु भएको थियो ।

संस्थागत कोषवाट यात्रा खर्च, खाना तथा वास खर्चको व्यवस्थापन गरी भुकम्प पिडीतको लागि संस्थाले आफनो श्रोतवाट करीव ६५ हजार वारवरको योगदान उक्त कार्यमा खर्चगरी सहयोग पुरयाएको थियो ।

**निशुल्क स्वास्थ्य शिविर तथा औषधी विरतण संचालन ।**

नेपाल जनजागररण मञ्चको सहकार्य र सहजीकरण र आई.एन.एफ. पोखरा हरियोखर्क को आर्थिक तथा प्राविधिक सहयोगमा भुकम्प प्रभावित क्षेत्र आठविसकोट नगरपालिका वडां १३ र वडा नं १० मा एक एक दिने विशेषज्ञ निशुल्क स्वास्थ्य शिविर संचालन गरीएको थियो । वडा नं १३ को वडा कार्यालयलयमा मिति २०८०  गते र वडा नंम्वर १० को घारीखोला मा.वि.मा एक दिने निशुलक शिविर संचालन भएको थियो ।

शिविमा आट जोर्जि,मानसिक तथा नशा रोग,स्त्री रोग र अपांगता भएका व्यक्तिहको लागि सहायक सामाग्रीहर वितरण गरीएको थियो । २वटा शिविरमा गरी जम्मा .. जनालाई सेवा प्रदान गरीएको थियो । उक्त शिविरमा संस्थाले रकुम पुर्वको भुमे गाँउ पालिका सँग सहकार्य गरी परामर्शकर्ताहरको व्यवस्थापन गरी मनो परामर्शको सेवा समेत प्रदान गरीएको थियो । कार्यक्रममा दुई वटा शिविर गरी सम्मा २० लाख वारावरको सेवामा सहयोग भएको थियो ।

उक्त कार्यक्रममा आई.एन.एफ. पोखरा हरियोखर्कको तर्फवाट १० जना स्वास्थ्य कर्मिको टोलीको नेतृत्व गरी ताराहाङ्ग तावाले गर्नु भएको थियो । उक्त शिविरमा संस्थाको तर्फवाट ५ जनाको टोली समेत खटिएको थियो ।

उक्त आई.एन.एफ. पोखरा हरियोखर्क स्थित संस्थाले वाँफीकोट गा.पा. वडा नं ७ मा ३२ थान त्रिपाल समेत विरण गरेको थियो ।

# पूर्व कार्यक्रमहरूको फलोअप तथा सेवाग्राहीसँग भेटघाट

**क) केएर नेपाल** सँगको साझेदारीमा संचालीत समुदाय सहयोग कार्यक्रम अर्न्तगत रुकुम पूर्व र रुकुम पश्चिममा संचालीत परीयोजनाका लाभग्राहीहरु सँग प्रत्यक्ष भेटघाट गरी विशेष गरी व्यवसायमा सहयाग प्राप्त गरेका सिपमुलक तालीम लिएका लाभग्राही सँग भेटघाट गरी कार्यक्रमका दिगोपनाको लागि रुकुम पूर्वमा २ जना र रुकुम पश्चिममा ३ जनाको व्यसायको अवलोकन भएको छ । भुमे गा.पा वडा नं२ मा रहेका सिता होटेल संचालन र पुथा वडा नं १० मा रहेको महिला शसक्तिकरण केन्द्रमा मिति २०८१ जेष्ठ ०९ र १० गते र आठवसिक काट नगरपालीका वडा नं ११ र वडा नं ६ मा विद्यालयमा भएको सहयागको अवलाकन का साथै आठवसिकोट नगरपालिका वडा नं २ को स्वास्थ्य संस्थामा प्रदान भएको सामाग्रीको प्रयोगको अवलोन भएको थियो । करीव ११ वर्ष पछी पनी प्रयोगमा आएको देखीयो ।

**ख) समुदायमा आधारीत विपद व्यवस्थापन परीयोजना यू.एन.डि.पि. सँगको सहयोगमा संचालित कार्यक्रमको फलोअप :**

त्रिवेणी गाँउपालिका वडा नं २ मा संस्थाले प्रदान गरेको विपद् व्यवस्थापन, खोज तथा उद्धवार सामाग्रीहरुको प्रयोगको अवस्थाको वारेमा अवलोकन भएको छ । सिम्रुतु विद्यालयमा हस्तालन्तरण गरेको वडा नं ०२ को सामाग्रीहरुको अवलोक गरीएको छ । करीव १० वर्ष पछाडी सम्ममा पनी सामाग्रीहरु रहेको देखीएको छ ।

**ग) एफ.ए.ओ. सँगको सहयोगमा संचालीत कृषि तथा खाद्य सुरक्षा परीयोजना अर्न्तगत :**

मुसिकोट नगरपालिका वडा नं ८मा वितरण भएका स्वास्थ्य आमा समुहमा पोषिलो परीकार वनाउने सामाग्रीहरुको अवलोक तथा समुहहरुसँग छलफल भएको थियो । अवलोकनको क्रममा विगतमा सहयोग गरीएका सामाग्रीहरुको नियमित प्रयोगमा आएको देखीएको छ ।

**घ) यू.एम.एन. सँगको साझेदारीमा**

**प्रोलेड परीयोजना :** यूनाईटेड मिसन टु नेपाल सँगको साझेदारीमा वाँफीकोट गा.पा. मा संचालीत परीयोजना अर्न्तगत संचालन भएको स्यार्पूतालमा माछापालन कार्यक्रमको

दिगोपनाको विषयमा र उक्त परीयोजनाले स्थापना गरेको स्यार्पूताल कृषि सहकारी संस्थाको संस्थागत विकासको पाटोमा सहयोग तथा सहकार्य गर्दै आएको छ ।

उत्तम आहारा कार्यक्रम : रुकुम पुर्वको सिस्ने गा.पा. यस भन्दा १० वर्ष अगाडी संचालीत कार्यक्रम हो । उक्त कार्यक्रम अर्न्तगत पूर्ण सहकारीमा आवद्धता गा.वि. घोषणा लगायत सो सदस्यको सहभागितामा गठित स्वावलम्वी कृषि सहकारी सँस्था सँग सहकार्य र संस्थाले थप साझेदारीको आधार तयार गरी सहजीकरण गर्दै आएको छ ।

आठविसको नगरपालिकामा उक्त सहयोगी संस्थाको सहयोगमा संचालीत सिमान्तकृत समुदायको खाद्य सुरक्षा कार्यक्रम अर्न्तगत गठित वादी समुदायको सशक्तिकरणको लागि निर्माण भएका सशक्तिरण केन्द्रको दिगापनाको लागि नियमित फलोअप गर्ने काम सम्पन्न भएको छ ।



शारिरीक अपाङ्गता ब्यक्तीलाई आयआर्जनका सहयोग



उचारमा सहयोग भएका बिपन्न बालबालिकाहरु लाई शिक्षक सामग्रीहरु सहयोग



मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिलाई उपचार पछि बाख्रा पालन सहयोग



शारिरीक अपाङ्गता भएका ब्यक्तीलाई सिलाई कटाई  सहयोग






विद्यालयमा मानसिक स्वास्थ्य कार्यक्रम



Technical supervision and review workshop





मानसिक समस्या भएका बिरामीहरुका लागि भुमे गाउँपालिका लाई औषधी सहयोग



स्वास्थ्य आमा समुहको बैठक सहजिकरण